मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

पार्टीलाई समुदाय केन्द्रित बनाउनुपर्नेमा कांग्रेस महामन्त्री थापाको जोड



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक ५४ ● २०८१ साल पुष १८ गते बिहीबार ● Thursday 02, January 2025 ● सूर्योदय: बिहान ६:५५ बजे ● सूर्यास्त: साँझ ५:२४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रदेश सरकारमा सत्तारुढकै असन्तुष्टि

*नेपाली कांग्रेस र नेकपा एमालेको सहमतिमा कांग्रेसले सुदूरपश्चिम, बागमती र गण्डकी प्रदेशमा तथा एमालेले कोशी, लुम्बिनी र कर्णाली प्रदेशमा नेतृत्व गरेको छ भने संघीय सरकारमा सघाएपछि मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीलाई दिइएको छ ।*

***मधेशदृष्टि***
***वीरगंज ।***

*असार १७ गते भएको सात बुँदे सहमतिको जगमा नेपाली कांग्रेस र नेकपा एमालेले केन्द्रदेखि प्रदेशसम्मै सरकारको भागबण्डा गरे । तर प्रदेश सरकारबारे सत्ता गठबन्धनमा असन्तुष्टि सुनिन थालेको छ । दुई दलको सहमतिमा कांग्रेसले सुदूरपश्चिम, बागमती र गण्डकी प्रदेशमा तथा एमालेले कोशी, लुम्बिनी र कर्णाली प्रदेशमा नेतृत्व गरेको छ भने संघीय सरकारमा सघाएपछि मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीलाई दिइएको छ ।*

*पछिल्लो समय संघीय सरकारको कार्यसम्पादनप्रति कांग्रेसभित्र असन्तुष्टि बढिरहँदा सत्ता साझेदार दलहरूले नेतृत्व गरिरहेका प्रदेश सरकारका काममा पनि प्रदेश तहको नेतृत्व असन्तुष्ट देखिन थालेको छ ।*

*कांग्रेस–एमाले गठबन्धनले मधेश प्रदेश सरकारको नेतृत्व डा. सिके राउत नेतृत्वको जनमत पार्टीलाई दिएको छ । जनमतका तर्फबाट सतिश कुमार सिंह मुख्यमन्त्री छन् । सिंह नेतृत्वको मधेश प्रदेश सरकारको कार्यसम्पादनप्रति कांग्रेसका प्रदेश कार्यसमिति सभापति कृष्णप्रसाद यादव सन्तुष्ट देखिँदैनन् । अपेक्षाअनुरुप मधेश प्रदेश सरकारले कार्यसम्पादन गर्न नसकेको उनी बताउँछन् । मुख्यमन्त्री सिंहको कार्यशैली पनि सकारात्मक नदेखिएको उनको तर्क छ ।*

*'नेतृत्वको क्रियाकलाप र कार्यशैली त्यति सकारात्मक देखिएन । एक्टिभ पनि छैनन्,' सभापति यादव भन्छन्, 'आजसम्म सरकारले के काम गर्यो ? कसरी काम गर्यो ? भनेर हामी गठबन्धनको बैठकमा कुरा त राख्छौँ । मुख्यमन्त्री हुन्छ त भन्नुहुन्छ । तर, कार्यान्वयन भएको छैन, त्यो परिस्थिति छ । नेतृत्व त्यति सफल भएको मलाई 'फिल' (अनुभव) भएको छैन ।'*

*तथापि, सरकारको कार्यसम्पादनका राम्रा र नराम्रा नतिजाको जिम्मेवारी मुख्य नेतृत्वले लिनुपर्ने भए पनि सत्ता साझेदार भएका कारण मुख्यमन्त्री सिंहलाई मात्रै दोष दिएर पन्छिन भने नमिल्ने यादवको भनाइ छ । 'मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीले गरिराखेको छ । राम्रो–नराम्रो कामको मुख्य जिम्मेवारी नेतृत्वले नै लिनुपर्ने भए पनि सरकारमा भएपछि कसैले मेरो कारणले होइन, उसलेमात्रै हो भन्न मिल्दैन । तापनि मुख्य जिम्मेवारी नेतृत्वले लिनुपर्छ भन्ने मेरो मान्यता हो,' सभापति यादवले भने ।*

## अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको चौथो अधिवेशन आह्वान गर्न सिफारिस गरेको छ । पुस २३ गतेका लागि अधिवेशन आह्वान गर्न बैठकले प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

बैठकले नेपालको संविधानको धारा १८३ को उपधारा(१) बमोजिम प्रदेशसभाको प्रथम अधिवेशन पुस २३ गते मङ्गलबार अपराह्न १ बजेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको मुख्यमन्त्री सतिशकुमार सिंहले जानकारी दिए । जनता समाजवादी पार्टी नेपाललगायत प्रमुख प्रतिपक्षी दलले प्रदेशसभाको बैठक नबोलाएर सरकारले संसद्लाई बन्धक बनाएको आरोप लगाइरहेका बेला सरकारले बैठक बोलाउन सिफारिस गर्ने निर्णय गरिएको हो ।

सरकारको सिफारिसमा प्रदेश प्रमुखले प्रदेशसभाको बैठक नयाँ अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ ।



प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा ३६, दोस्रो अधिवेशनमा १४ र तेस्रो अधिवेशनमा ३४ वटा बैठक बसेको सभामुख रामचन्द्र मण्डलले जानकारी दिए । कृषिसम्बन्धी विधेयक, बीउबीजनसम्बन्धी विधेयक, पर्यटन विधेयक र बालबालिकासम्बन्धी व्यवस्था गर्न बनेको ऐनको संशोधनसहितका बिजनेस प्रदेशसभामा छन् ।

## मधेशभर अंग्रेजी नयाँ वर्षको उमंग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

अन्तर्राष्ट्रिय नयाँ वर्षमा धार्मिक नगरी जनकपुरधाम भरिभराउ भएको छ । प्राचिन मिथिलाको राजधानी जनकपुरधाममा भारतीय नागरिकले भरिएको हो । जानकी मन्दिर पुग्ने सडकभर भारतीय नागरिक र भारतीय नम्बर प्लेटका गाडीको लर्को देखिएको छ ।

अंग्रेजी नयाँ वर्ष मनाउन जनकपुरधाममा भारतीय पर्यटकको घुइँचो लागेको छ । भगवानको दर्शन र पूजापाठ गरेर नयाँ वर्षको शुरुवात सुखमय होस् भन्ने अभिलाषाका साथ जनकपुरधाममा पर्यटकहरु भरिएको छ । बुधबार बिहानैदेखि जनकपुरधामको जानकी मन्दिर, राममन्दिरलगायतका धार्मिक मठमन्दिरहरुमा पर्यटकहरुको भिड लागेको छ । नगरभित्र भारतीय गाडीको चाप बढेको छ । महोत्तरीको जलेश्वर र धनुषाको जटही नाकाबाट भारतीय पर्यटक अत्याधिक रुपमा जनकपुरधाम आएका छन् ।

नेपालका साथै छिमेकी मुलुक भारतको राजस्थान, गुजरात, महाराष्ट्र, हरियाना, दिल्ली, बिहार, उत्तरप्रदेश, सिमला, उत्तराखण्डलगायत राज्यबाट हजारौँको संख्यामा पर्यटक जनकपुरधाम आउने गरेका छन्। जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले जानकी मन्दिरमा यतिको संख्यामा पर्यटक आएको भन्दै खुशी व्यक्त गरे । 'हामी अंग्रेजी नयाँ वर्ष त मनाउँदैनौं, हामी धार्मिक मान्छे छौँ, विक्रम सम्वत् नै मनाउँछौँ,' उनले भने, 'तर नयाँ वर्ष जसको भए पनि श्रद्धाले पूजापाठ गरेर मनाउनु राम्रो हो ।' उत्तराधिकारी महन्थ दासले नयाँ वर्षमा पहिले माछामासु र मदिरा खाएर मनाउने गरे पनि अहिले पूजापाठ गरेर मनाउन थाल्नु सकारात्मक भएको बताए । सीताको जन्मभूमि रहेका कारण समेत धार्मिक पर्यटक जनकपुरधाम अत्यधिक आउने गरेका छन् । नयाँ वर्षमा अत्यधिकरुपमा पर्यटक आएका कारणले यहाँको व्यापार व्यवसायसमेत राम्रै चलेको छ ।



अंग्रेजी नयाँ वर्ष २०२५ को अवसरमा रौतहटको प्रमुख पर्यटकीय गन्तव्य नुनथर आन्तरिक तथा भारतीय पर्यटकले भरिभराउ बनेको छ । प्रख्यात प्राकृतिक सौन्दर्यले सजिएको नुनथर आफ्नो मनोरम वातावरण, धार्मिक महत्त्व र विश्रामका लागि उपयुक्त स्थलका कारण पर्यटकका लागि मुख्य आकर्षण बनेको हो ।

नुनथर विशेष गरी आफ्नो स्वच्छ नदी, हरियाली पहाड र रमणीय झरनाका लागि प्रसिद्ध छ । यहाँ रहेका बगैँचा, ग्रामीण संस्कृति झल्काउने मौलिक घर र चिसो मौसमले पर्यटकलाई प्राकृतिक सौन्दर्यमा रम्न आकर्षित गरेको छ । यो क्षेत्र धार्मिक हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ । यहाँस्थित शिव मन्दिर र भैरव गुफा धार्मिक पर्यटकका लागि ध्यान केन्द्रित स्थल हुन् । नयाँ वर्षको अवसरमा नुनथरमा विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरिएको थियो । स्थानीय कला, नृत्य र परम्परागत खानाका परिकारले यहाँ आउने पर्यटकलाई थप अनुभव प्रदान गरेका छन् ।

विशेष गरी भारतका बिहार र उत्तर प्रदेशबाट आएका पर्यटकहरू नुनथरको प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताले प्रभावित छन् । स्थानीय होटल तथा होमस्टे व्यवसायीका अनुसार पर्यटक आगमनको संख्या पछिल्ला वर्षको तुलनामा यो वर्ष झनै बढी देखिएको छ । पर्यटकको सुविधाका लागि विशेष यातायात सेवा, गाइड र अन्य व्यवस्थापनलाई प्राथमिकता दिइएको छ ।

## मधेशमा शितलहरको कहर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

पछिल्लो दुई दिनदेखि पश्चिमी वायुसँगै चलेको शितलहरले मधेश प्रदेशका जिल्लामा अत्यधिक जाडो बढेको छ । अत्यधिक मात्रामा जाडो बढेपछि ठाउँठाउँमा सर्वसाधारण आगो बालेर तातो हुने प्रयास गरिरहेका छन् । साथै न्यानो, बाक्लो तथा उनी कपडाको बिक्री अत्यधिक मात्रामा भइरहेको छ । यसका साथै हिटर तथा गिजरको बिक्रीमा वृद्धि भएको छ ।

चिसोबाट जोगिन हर्ट लेमन, चिया तथा कफीको बिक्री पनि वृद्धि भएको छ । अत्यधिक चिसो भएपछि बालबालिका, वृद्धवृद्धा, दम तथा रुघा खोकीका बिरामीमा थप स्वास्थ्य समस्या बढेको छ । खाग गरेर बाथ तथा गेठीयाका रोगीलाई अत्यधिक चिसोका कारण स्वास्थ्य समस्या थप बढ्ने भएकाले सजगता अपनाउनका लागि चिकित्सकहरूले आग्रह गरेका छन् ।

चिसोबाट जोगिन चिकित्सकहरूले बिहान मर्निङ्ग वाक नगर्न र गर्नै परे राम्रोसँग ढाकेर मात्र हिँड्न आग्रह गरेका छन् ।

यसका साथै तातो खानेकुरा मात्र खान प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुन प्रसाद सिंहले सल्लाह दिए । तराइ मधेशका जिल्लामा केही दिन यतादेखि देशमा बढेको चिसो र हुस्सुसँगै सर्वसाधारण बिरामी पर्ने क्रम पनि बढ्न थालेको छ । चिसोले उच्च पहाडी क्षेत्रमा हिमपात भई जनजीवन अझ प्रभावित भएको छ ।

दैनिक कामकाज, विद्यालय सञ्चालन तथा आवतजावतमा समस्या देखिएको छ । तराई मधेशमा चिसो बढेसँगै सर्वसाधारण बिरामी पर्ने क्रम पनि बढेको छ । जनकपुरधामस्थित प्रादेशिक अस्पताललगायत तराईका विभिन्न अस्पतालमा दैनिक बिरामीको चाप बढ्दै गएको छ ।

बिरामीमा रुघाखोकी, झाडापखाला, बान्ता, टाउको दुखाइ, पेट दुख्ने, ज्वरो आउने समस्या बढी देखिएको छ । यस्तो बेला मन तातो पानी पिउन, बासी खानेकुरा नखान, झोलिला, सन्तुलित भोजन खान र समस्या भए तुरुन्त नजिकको स्वास्थ्य केन्द्रमा जान चिकित्सकहरुले सुझाव दिएका छन् ।

## पदस्थापना माग्दै निरन्तर आन्दोलन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश स्थानीय तहका कर्मचारी पदस्थापना माग गर्दै आन्दोलनमा उत्रेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हातामा उनीहरूले धर्ना दिएका हुन् ।

स्थानीय तहका प्राविधिक, लेखा, राजस्व, प्रशासनलगायत विभिन्न समूहका एक सय ६० कर्मचारीले कार्यालयको काम छोडेर धर्नामा बसेका हुन् । पटकपटक लिखित तथा मौखिक जानकारी गराए पनि कुनै सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको आन्दोलनरत कर्मचारीको गुनासो छ ।

एक वर्षअगाडि सङ्घीय लोकसेवा आयोगबाट उत्तीर्ण भई मधेश प्रदेशमा पदस्थापनका लागि सिफारिस भएका कर्मचारी कामविहीन भएपछि आन्दोलनमा उत्रेको उनीहरूको भनाइ छ । स्थानीय तह कर्मचारी आन्दोलन समितिका संयोजक बीरबहादुर सलौराले सम्बन्धित निकायले सुनवाइ नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी दिए । मधेश प्रदेशमा एक हजार कर्मचारी स्थानीय तहका कर्मचारी कार्यरत छन् ।

सङ्घीय लोकसेवा आयोगबाट अन्य प्रदेशमा सिफारिस भएका कर्मचारीको पदस्थापन भए पनि मधेश प्रदेशका कर्मचारीको पदस्थापन नभएको उनले बताए । पदस्थापन नभएकाले थप सेवासुविधा पाउन समस्या भएको आन्दोलनरत कर्मचारीको भनाइ छ । उनीहरूले आन्दोलन गर्नुपूर्व मुख्यमन्त्री सतिश कुमार सिंहलाई लिखितरूपमा पदस्थापनका लागि आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझाएका थिए ।

## माधव–वामदेवः लगभग सहमति



**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेपाल कम्युनियष्ट पार्टी विभाजनपछि कम्युनिष्ट एकता अभियानमा चलाउँदै आएका नेता वामदेव गौतम र माधवकुमार नेपालले नेतृत्व गरेको नेकपा एकीकृत समाजवादी दलसँग एकताको प्रयास धेरै नजिक पुगेको बताइएको छ । बुधबार एकीकृत समाजवादीको पार्टी कार्यालयमा दुई शीर्ष नेताहरुबीच भएको छलफलपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै नेता गौतमले नै नेता नेपालसँगको छलफल सहमतिको नजिक पुगेको एकै ठाँउमा उभिने अवस्था बनेको प्रतिक्रिया दिए ।

भीम रावल र तपाईं अब माधव नेपाले नेतृत्व गरेको एकीकृत समाजवादीमा आउने हो ? भन्ने प्रश्नको जिज्ञाशामा नेता गौतमले भने, 'भिम रावलबारे मलाई थाहा छैन । माधवजी र म एकजुट हुने भइयो नि त ! माधवजीले नै भीम रावललाई के गर्ने गर्नुहोला, मलाई थाहा भएन ।'

छलफलमा आफ्ना तर्फबाट धेरै विषयमा सहमति भएको भन्दै गौतमले एकताको घोषणा निर्णय भएपछि हुने र अब यो समय धेरै कुर्न नपर्ने बताए । बैठकमा केही राजनीतिक विषयबाहेक अन्य विषयमा मोटामोटी सहमति बनेको र छलफल सकारात्मक रहेको नेताहरुले जानकारी दिए । यसअघि सोमबार पनि नेता गौतम र नेता नेपालबीच पार्टी एकताका सम्बन्धमा छलफल भएको थियो ।

# ३१ हजार बढी किशोरीलाई एचपिभी खोप दिइने

चितवन ।
जिल्लाका ३१ हजार पाँच सय ७० किशोरीलाई एचपिभी खोप दिइने भएको छ । पाठेघरको मुखको क्यान्सरबाट बच्नका लागि नौ वर्षदेखि १४ वर्ष उमेर समूहका ती किशोरीलाई खोप दिन लागिएको हो ।

जनस्वास्थ्य कार्यालय चितवनले बुधबार अन्तर्क्रिया आयोजना गरी चार सय ३३ खोप केन्द्रबाट माघ २२ देखि १५ दिनसम्म खोप कार्यक्रम सञ्चालन हुने जनाएको छ । कार्यालयका जनस्वास्थ्य अधिकृत बिमल पटेलका अनुसार ती खोप केन्द्रमा चार सय ५५ स्वास्थ्यकर्मी र नौ सय १० स्वयंसेवक परिचालन गरिने छ । सबै स्थानीय तहहरूले एक हप्ता खोप अभियान सञ्चालन गर्ने छन् भने भरतपुर महानगरपालिकाले १० दिन सञ्चालन गर्ने छ ।विद्यालयमा रहेका किशोरीलाई विद्यालयमै खोप केन्द्र निर्माण गरी खोप लगाउने तयारी गरिएको उनले जानकारी दिए । विद्यालय बाहिर रहेका किशोरीलाई अभियानको अन्तिम दिन खोप लगाइने उनले बताए । नेपालमा बर्सेनी दुई हजारभन्दा बढीलाई पाठेघरको मुखको क्यान्सर हुने गर्दछ । यस खोपलाई वार्षिक कार्यक्रममा राखेर निरन्तरता दिइने कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिए । उनका अनुसार ९० प्रतिशत किशोरीलाई खोप पुर्‍याउने, ३० देखि ४९ वर्ष उमेर समूहका ९० प्रतिशत महिलालाई पाठेघरको क्यान्सरको परीक्षण गर्ने र परीक्षणबाट पुष्टि भएका ९० प्रतिशतलाई उपचारको दायरामा ल्याउने गरी सरकारले खोप अभियान शुरु गरेको हो । अभियानका क्रममा कक्षा ६ देखि १० कक्षासम्म अध्ययन गर्ने किशोरीलाई खोप लगाउन लागिएको उनले जानकारी दिए । यो खोप नेपालमा आर्थिक वर्ष २०७२–७३ मा चितवन र कास्कीमा परीक्षण गरिएको थियो ।

# ‘राष्ट्रिय हितलाई ध्यानमा राखेर बिआरइआईमा प्रस्ताव लैजाऔँ’

काठमाडौँ ।
नेकपा एकीकृत समाजवादीका सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपालले राष्ट्रिय हितलाई ध्यानमा राखेर बिआरआईमा प्रस्ताव लैजानुपर्ने बताएका छन् । काठमाडौँमा बुधबार नीति अनुसन्धान संस्थाको आयोजनामा भएको नेपालमा बिआरआई परियोजना कार्यान्वयनको सम्भावना विषयक अन्तरक्रियामा नेता खनालले बिआरआई नेपालको हितमा रहेको प्रष्ट पारे ।
बिआरआईले विश्व उत्साहित भएको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री खनालले आवश्यकताका आधारमा बिआरआईका परियोजना अघि बढाउनुपर्ने बताए । उनले भने, ‘ऋण लिन हुँदैन भन्नु पुरानो अवधारणा हुन्, आवश्यकताका आधारमा परियोजना अघि बढाउन सकिन्छ ।’ उनले बिआरआईका विषयमा नेपाली जनताले गहिराइमा पुगेर बुझ्न जरुरी रहेको बताए । दुई छिमेकीमुलुकसँग मैत्रीपूर्ण सम्बन्ध राख्न जरुरी रहेको औँल्याउँदै उनले बिआरआईलाई विवादको विषय नबनाउन अनुरोध गरे ।




हाल विश्वको ७५ प्रतिशत जनसंख्या बिआरआईभित्र परेको जानकारी गराउँदै उनले हालसम्म तीन हजार परियोजनामा सम्झौता भइसकेको जानकारी दिए । एक सय ५० भन्दा बढी मुलुक यसमा जोडिइसकेको उल्लेख गर्दै उनले विश्वव्यापी रुपमा भइरहेको विकासले बिआरआई महत्वपूर्ण परियोजना हो भनेर पुष्टी भएको दाबी गरे ।

# प्रेस चौतारीको महाधिवेशन फागुनमा

काठमाडौँ ।
प्रेस चौतारी नेपालले १०औँ महाधिवेशनमा फागुनमा गर्ने निर्णय गरेको छ । प्रेस चौतारी नेपालको आज बसेको सचिवालय बैठकले आगामी फागुन २३ देखि २५ गतेसम्म विराटनगरमा महाधिवेशन गर्ने निर्णय गरेको चौतारीका महासचिव हिरामान लामाले जानकारी दिए । उनले श्रमजीवी पत्रकारले अझै पनि न्यूनतम पारिश्रमिकमा काम गर्नुपरेको र सामाजिक सुरक्षा कोषजस्ता पत्रकारका हकहितका काम हुन नसकेकाले महाधिवेशन त्यसतर्फ पनि केन्द्रित हुने बताए ।

महाधिवेशन अगाडि प्रेस चौतारी नेपालले प्रदेश र जिल्ला अधिवेशन सकाउने निर्णय गरेको छ । उनका अनुसार जिल्ला अधिवेशन माघ २५ गते र प्रदेश अधिवेशन फागुन ७ गतेभित्र सक्ने निर्देशन दिएको छ ।

# ठगी आरोपमा चार जना पक्राउ

काठमाडौँ ।
वैदेशिक रोजगारमा विभिन्न देश पठाउने भन्दै ६६ लाख ८० हजार रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले चार जनालाई बुधबार पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा गोरखा गण्डकी गाउँपालिका–२ घर भई हाल चितवन, भरतपुर उपमहानगरपालिका–१० बस्ने ४३ वर्षीय कुलबहादुर थापा, गोरखा गण्डकी नगरपालिका–२ घर भई हाल काठमाडौँ नागार्जुन बस्ने ३१ वर्षीय राजन आले, पर्सा वीरगञ्ज–१६ का ३० वर्षीय जयप्रकाश चौरसिया तथा भक्तपुर सूर्यबिनायक नगरपालिका–५ बस्ने २७ वर्षीय आकाश दुलाल रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनले भने, ‘पक्राउ परेकाहरूले बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशमा रोजगारीका लागि लैजाने भन्दै लामो समयसम्म झुक्यानमा पारी विदेश नपठाइ सम्पर्कविहीन भएको पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको हो ।’

पक्राउ परेकामध्ये थापा र आलेले अमेरिका पठाइदिने भन्दै अमेरिका पठाइदिने भन्दै ५९ लाख २५ हजार रुपैयाँ तथा चौरसियाले अजरबैजान पठाइदिने भन्दै एक जनाबाट चार लाख रुपैयाँ र दुलालले युएई पठाइ दिने भन्दै एकजनाबाट तीन लाख ५५ हजार रकम लिई सम्पर्कविहीन भएको पीडितहरूको आरोप रहेको प्रहरीले जनाएको छ । पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौँ पठाइएको सूचना अधिकारी आचार्यले बताए ।

# राजस्व बाँडफाँडको रकम दिन आनाकानी

सुर्खेत ।
कर्णाली प्रदेशका स्थानीय सरकारले ढुङ्गा, गिटी, बालुवाबाट उठेको कर प्रदेश सरकारलाई दिन आनाकानी गरेका छन् । आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोतको राजस्व सङ्कलन शुल्कको ६० प्रतिशत स्थानीय सरकारको सञ्चित कोषमा तथा ४० प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्ने कानुनी व्यवस्था छ । तर कर्णाली प्रदेशका स्थानीय सरकारहरूले यस्तो कर दिन आनाकानी गर्ने गरेका छन् ।

कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये गत आर्थिक वर्ष २०८०–८१ मा १७ वटा स्थानीय तहले मात्रै सो शीर्षकको कर उपलब्ध गराएको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । तथ्याङ्क अनुसार रुकुमका चार, सल्यानका तीन, सुर्खेतका चार, दैलेख र जाजरकोटका दुई–दुई स्थानीय तहले बाँडफाँड गर्नुपर्ने कर पठाएका छन् ।

मुगु र जाजरकोटका एक–एक पालिकाले कर पठाएको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ललित थापाले जानकारी दिए । उनका अनुसार १७ वटा स्थानीय तहबाट दुई करोड २४ लाख सात हजार सात सय १४ रुपैयाँ दहत्तर बहत्तर कर प्रदेश सरकारको सञ्चित खातामा जम्मा भएको छ ।

थापाका अनुसार गत आर्थिक वर्ष २०८०–८१ मा रुकुम पश्चिमको चौरजहारी नगरपालिकाले मनोरञ्जन करबापत १४ हजार रकम पठाएको थियो भने वीरेन्द्रनगर नगरपालिकाले पर्यटन शुल्कबापत उठाएको चार लाख ३१ हजार रकम पठाएको थियो । प्रदेश सरकारले भने स्थानीय सरकारलाई राजस्व बाँडफाँडको रकम पठाइरहेको थापाले बताए । स्थानीय तहबाट राजस्व बाँडफाँडको राजस्व नआएसम्म गत कात्तिकदेखि राजस्व बाँडफाँटको रकम रोकेको उनले जानकारी दिए । कर्णाली प्रदेशको सबैभन्दा धेरै राजस्व उठाउने स्थानीय सरकारको रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०७९–८० देखिकै राजस्व बाँडफाँडको रकम बुझाएको छैन । प्रदेश सरकारले ताकेता गर्दासमेत दुई आर्थिक वर्षको राजस्व बाँडफाँडको रकम नपठाएको नगरपालिकाले हाल हिसाब भइरहेको प्रतिक्रिया दिएको छ ।

वीरेन्द्रनगर नगरपालिकाका लेखा अधिकृत पूर्णप्रसाद गौतमले आर्थिक वर्ष २०७९–८० र गत आर्थिक वर्षको रकम एकैपटक पठाउने तयारी भइरहेको बताए । ‘विविध कारणले राजस्व बाँडफाँड अन्तर्गतको रकम प्रदेश सरकारलाई पठाउन सकेका थिएनौँ,’ उनले भने, ‘अहिले सबै हिसाबकिताब सकिएको छ, दुई वर्षको करिब ८० लाख प्रदेश सरकारलाई पठाउने तयारी गरेका छौँ ।’

नगरपालिकाले आर्थिक वर्ष २०७९–८० मा दुई करोड ४६ लाख रुपैयाँ दहत्तर–बहत्तर कर उठाएको थियो । गत आवमा ३६ लाख रकम सङ्कलन गरेको थियो । दैलेखको डुङ्गेश्वर गाउँपालिकाले पनि हालसम्म प्रदेश सरकारलाई दिनुपर्ने राजस्व बाँडफाँडको रकम दिएको छैन । गाउँपालिकाले महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिकपछि मात्रै राजस्व बाँडफाँडको रकम जम्मा गरिने बताएको छ । पालिकाका लेखा अधिकृत टङ्कबहादुर कार्कीले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन कार्यान्वयन पालिकाबाट मात्रै नभइ प्रदेशबाटसमेत नभएको बताए । चालु आर्थिक वर्षभित्र राजस्व बाँडफाँड गरिने र प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरिने उनको भनाइ छ ।

डोल्पाको ठूलोभेरी नगरपालिकाले पनि राजस्व बाँडफाँटको रकम दिएको छैन । पालिकाको आन्तरिक आम्दानी वार्षिक ३० लाख रुपैयाँसम्म हुने गरेकाले त्यसमा दहत्तर–बहत्तर कर सानो आकारमा हुने लेखा अधिकृत सुनिल गुरुङ बताउँछन् ।

यसैबीच, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले राजस्व बाँडफाँडमा कुनै विवाद नआउनेगरी प्रदेश र स्थानीय सरकारबीचमा छलफल भइरहेको बताए । उनले वित्त व्यवस्थापन ऐनअनुसार राजस्व बाँडफाँड हुनुपर्ने भएकाले स्थानीय र प्रदेश सरकारबीचमा गृहकार्य भइरहेको बताए । स्थानीय सरकारबाट प्रदेश सरकारलाई र प्रदेश सरकारबाट स्थानीय सरकारलाई राजस्व बाँडफाँड भई जाने रकम नियमित र ऐन बमोजिम हुनेगरी योजना बनेको उनको दाबी छ ।

# प्रेस स्वतन्त्रता र लोकतन्त्र रक्षा गर्न महासङ्घको नयाँ नेतृत्व

भक्तपुर ।
राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष एवम् नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष धर्मेन्द्र झाले प्रेस स्वतन्त्रता, पत्रकारको हकहित र लोकतन्त्रको रक्षा गर्न नेपाल पत्रकार महासङ्घको नयाँ नेतृत्व सक्षम रहेको बताएका छन् ।

बुधबार नेपाल पत्रकार महासङ्घ भक्तपुर जिल्ला शाखाको नवनिर्वाचित पदाधिकारीको पदस्थापन कार्यक्रममा बोल्दै उनले अब हुने संविधान संशोधनमा पनि नेपाल पत्रकार महासङ्घले नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्नुपर्ने बताए । अध्यक्ष झाले भने, ‘राजनीतिक दलहरू आफ्ना विचार र सिद्धान्तमा विभाजित हुन्छन्, उनीहरूले आफ्ना मुद्दा उठाउँछन् तर पत्रकार निष्पक्ष हुन्छ, फरक विचार र सिद्धान्त हुँदैन । पत्रकारले समाजको आवश्यकता र समस्याको पहिचान गरी समस्या समाधानका लागि समाचारका माध्यमबाट झक्झक्याउँछ ।’

जनताको पक्षमा लेखेर पत्रकारले नीति, निर्माण तहलाई झक्झक्याउने र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा पत्रकारले कलम चलाउनुपर्ने उनले बताए । रासस अध्यक्ष झाले भने, ‘पत्रकार महासङ्घ जीवित संस्था हो । त्यसैले यस्तो संस्थामा समस्या आउँछन् । हाम्रो समस्या आफैँ समाधान गर्न सक्छौँ र नेतृत्व हस्तान्तरण गर्न सक्षम छौँ ।’

कार्यक्रममा निवर्तमान अध्यक्ष जगतकृष्ण श्रेष्ठले नवनिर्वाचित शाखा अध्यक्ष सुन्दर शिल्पकारलाई पद हस्तान्तरण गरेका थिए । कार्यक्रममा पत्रकार महासङ्घ उपत्यका शाखाका अध्यक्ष टेनिस रोक्का, निर्वाचन समितिका संयोजक केदार खड्कालगायतले शुभकामना व्यक्त गरेका थिए ।

# ५९८ जनाको उद्धार

बाँके ।
माइती नेपाल नेपालगञ्ज सन् २०२४ मा नेपालगञ्ज नाकाबाट जोखिमपूर्ण यात्रामा रहेका पाँच सय ९८ जनाको उद्धार गरिएको जनाएको छ ।

नेपाल पत्रकार महासङ्घ बाँके शाखाको आयोजनामा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सञ्चारकर्मीसँगको मङ्गलबार भएको अन्तरक्रियामा माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइरालाले सन् २०२४ मा भारतलगायत विभिन्न देशमा जोखिमपूर्ण यात्रामा निस्केका महिला तथा बालिकाको उद्धार गरिएको जानकारी दिए ।

उनका अनुसार काम, विवाह, घुमघाम, किनमेललगायतको बहाना बनाएर नाका पार हुन थालेका शङ्कास्पद व्यक्तिलाई केरकार गर्दा जोखिमपूर्ण यात्रामा रहेको पाइएपछि उनीहरूलाई नेपाल फिर्ता गरिएको हो । संयोजक कोइरालाले एक वर्षमा सात सय ७७ जनाको खोजतलासको निवेदन परेको र चार सय सात जना फेला परेको बताए ।

भारत तथा तेस्रो मुलुकमा पुगेकाहरु सम्पर्कमा नआएपछि आफन्तीले खोजतलासको निवेदन दिने गर्दछन् । संयोजक कोइरालाले सन् २०२४मा खोजतलासको निवेदन धेरै पर्नेमा बाँके जिल्ला अगाडि रहेको जानकारी दिए । जोखिमपूर्ण यात्रा गर्दै नाका पार हुनेहरुमा प्रायः जसो लुम्बिनी प्रदेश र कर्णाली प्रदेश गरी सुर्खेत, बर्दिया, दाङ, जाजरकोट, दैलेख जिल्ला रहेका छन् ।

सामाजिक सञ्जालको दुरुपयोग गरेर दलालहरु बेचबिखनमा सक्रिय रहेको उल्लेख गर्दै संयोजक कोइरालाले तीनै तहका सरकारसँग समन्वय गरेर मानव बेचबिखन नियन्त्रणसम्बन्धी काम गरिरहेको बताए । माइती नेपालले मानव बेचबिखन नियन्त्रणका लागि सीमा नाकामा चेकजाँच गर्नुका साथै भारतलगायतका मुलुकमा बेचिएका र बेचबिखनको जोखिममा परेका महिला तथा बालबालिकालाई उद्धारका निम्ति काम गर्दै आएको छ । नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरीले मानव बेचबिखन सामाजिक कलङ्क र सङ्गठित अपराध भएको उल्लेख गर्दै त्यस्ता क्रियाकलापमा संलग्नलाई निरुत्साहित गर्न सञ्चारमाध्यमको अहम भूमिका हुने बताए । अध्यक्ष गिरीले मानव बेचबिखन विश्वव्यापी समस्या भएकाले यसको नियन्त्रण र रोकथामका लागि सुरक्षा कूटनीतिको माध्यमबाट अघि बढ्नुपर्नेमा जोड दिए । रासस

# २५ वर्षे यात्रा समेटिएको फोटो प्रदर्शनी हुने

काठमाडौँ ।
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले पिजे क्लबसँगको सहकार्यमा बृहत् फोटो प्रदर्शनी आयोजना गर्ने भएको छ । आगामी माघ ४ गते मेरियट होटल काठमाडौँमा हुन गइरहेको रजत जयन्ती विशेष समारोहमा फोटो प्रदर्शनी गर्ने सम्बन्धमा इप्पान र पिजे क्लबबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

फोटो प्रदर्शनीको व्यवस्थापन गर्ने सम्बन्धमा आज इप्पान अध्यक्ष गणेश कार्की र पिजे क्लबका अध्यक्ष द्वारिकाप्रसाद काफ्लेबीच सम्झौतापत्र आदानप्रदान भएको छ । इप्पान स्थापनाको २५ वर्ष पुगेका अवसरमा इप्पानमा आबद्ध ऊर्जा उत्पादक कम्पनीले नेपालको ऊर्जा क्षेत्रको विकाससँगै सामाजिक तथा आर्थिक विकासमा पुर्‍याएको योगदान देखिने ५० वटा फोटो प्रदर्शनीमा राखिने इप्पान अध्यक्ष गणेश कार्कीले जानकारी दिए ।

इप्पानले आयोजना गर्ने फोटो प्रदर्शनीलाई दुई भागमा विभाजन गरेर व्यवस्थापन गरिने पिजे क्लबका अध्यक्ष द्वारिका काफ्लेले बताए ।

यसअनुसार स्वतन्त्र व्यक्ति तथा कम्पनीले पठाएको फोटोलाई पिजे क्लब र इप्पानका प्रतिनिधिसहितको स्वतन्त्र निर्णायक मण्डलले छनोटगरी प्रदर्शनीमा राखिनेछ । यसमा आउने तस्वीरहरूबाट उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुने तस्वीरलाई क्रमशः ३०, २० र १० हजार रुपैयाँ राशिसहित पुरस्कृत गरिनेछ । अर्कोतर्फ पिजे क्लबकै अगुवाइमा इप्पानमा आबद्ध सदस्य कम्पनीहरूले प्रवर्द्धन गरेका आयोजनाहरूका तस्वीर सङ्कलन गरेर प्रदर्शनीमा राखिनेछ । पिजे क्लबले सङ्कलन गरेका तस्वीरहरू प्रदर्शनीमा राखिए पनि प्रतियोगिताका लागि मान्य हुने छैनन् । ती तस्वीरहरू इप्पानको सम्पत्ती मात्रै हुनेछन् ।

सम्झौतापत्र आदानप्रदान समारोहमा इप्पानका अध्यक्ष कार्कीसहित कोषाध्यक्ष नरेन्द्र बल्लभ पन्त, प्रमुख कार्यकारी अधिकृत भीम गौतम, पिजे क्लबका अध्यक्ष काफ्लेसहित महासचिव अमूल थापा र प्रदर्शनी संयोजक ज्ञानेन्द्र कार्कीलगायतको उपस्थिति थियो ।

फोटो प्रतियोगितामा भाग लिनका लागि पुस २० गतेभित्र ऊर्जासँग सम्बन्धित फोटोहरु पठाइसक्नुपर्नेछ । त्यस्तै रजतजयन्तीकै अवसरमा ५० हजार पुरस्कार राशिको छोटो भिडियो–वृत्तचित्र प्रतियोगितासमेत आयोजना गरिएकाले सहभागिताका लागि इप्पानले आग्रह गरेको छ । त्यसका लागि पनि पुस २० गतेभित्र भिडियो पठाइसक्नु पर्नेछ । रासस

# 'पर्सामा असुरक्षित गर्भपतन बढ्यो'



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्लामा गर्भपतनका औषधि खुलमखुला बिक्री हुँदा असुरक्षित गर्भपतनका घटना नियन्त्रण गर्न चुनौती थपिएको छ । सीमावर्ती सहर रक्सौलसँग जोडिएकाले पनि गर्भपतनका औषधि छ्यापछ्याप्पी पाइँदा नियन्त्रण गर्न समस्या भइरहेको स्वास्थकर्मीले बताएका छन् । नारायणी अस्पतालका स्त्री तथा प्रसूति रोग विभागका प्रमुख डा सुरेन्द्रप्रसाद चौधरीले सीमावर्ती सहरसँग जोडिएकाले पनि असुरक्षित गर्भपतनका गतिविधिलाई नियन्त्रण गर्न जटिलता थपिँदै गइरहेको बताए । 'गर्भपतन गराउने औषधि बेचबिखन र खरिद गर्ने दुवैलाई अनुगमनको दायरामा ल्याउन जरुरी भइसकेको छ', उनले भने, 'अनुमतिप्राप्त स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाबाट मात्र सुरक्षित गर्भपतन गराउन जरुरी हुन्छ । सो हुनसकेको खण्डमा मात्र यसको प्रभावकारिता बढ्ने थियो ।' उनले सामाजिक कारणले गर्दा पनि समाजमा लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने प्रवृत्ति बढिरहेको गुनासो गरे । स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले गर्भपतनलाई परिवार नियोजनको अस्थायी साधनका रूपमा लिन नहुने बताए ।

'भ्रुणको लिङ्गको पहिचान गरेर गर्भपतन गराउनु कानुनी रूपमा अपराध हो', उनले भने, 'अनुमतिपत्र स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले भ्रूणको लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने कार्यलाई निरुत्साहित गर्न जरुरी भइसकेको छ ।' असुरक्षित ढङ्गले गर्भपतन गराउनेको संख्या उच्च भएकाले पनि स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भपतन गराउनेको संख्या भने जिल्लामा निकै कम छ । स्वास्थ्य कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा २० वर्ष मुनिका १२ हप्तासम्मको गर्भ रहेका महिलामध्ये ३१ जनाले मात्र औषधिमार्फत सुरक्षित गर्भपतन गराएका छन् । त्यसैगरी सोही उमेर समूहका १२ हप्तासम्मको गर्भ रहेका ९१ महिलाले सर्जिकलमार्फत गर्भपतन गराएका छन् । आव २०८०÷८१ मा २० वर्षमाथिका १२ हप्तामाथिको गर्भ रहेका महिलाले मेडिकल औषधिमार्फत पाँच सय ३१ जनाले गर्भपतन गराएका छन् । यस्तै, २० वर्षमाथिका १२ हप्ताभन्दा माथिको गर्भ रहेका नौ सय ७३ जनाले सर्जिकलमार्फत सुरक्षित गर्भपतन गराएका छन् ।

नारायणी अस्पतालका नर्सिङ निरीक्षक हेमा थापाले असुरक्षित स्वास्थ्य संस्थामा गर्भपतन गराउँदा जटिलता देखिएपछि मात्र ठूला सरकारी अस्पतालमा गर्भपतनको उपचार गराउन आउने अनुभव सुनाए । 'सुविधासम्पन्न सरकारी अस्पतालमा भरसक गर्भपतन गराउन आउनै चाहँदैनन्', उनले भने, 'गर्भपतन गराउँदा ठूलो खालको समस्या आएर ज्यान नै जाने अवस्थामा पुगेपछि मात्रै आउने गरेका छन् । त्यसैले सरकारी स्वास्थ्य संस्थामा सुरक्षित र गोपनीयतालाई पनि ख्याल गरिने भएकाले ढुक्क भएर आउन अनुरोध गर्छौं ।' नर्सिङ निरीक्षक थापाले भ्रुणको लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने परिपाटी नरोक्ने हो भने आगामी २० वर्षपछि छोराको लागि बुहारी खोज्नको लागि दाइजो दिनुपर्ने प्रथा हुने आँकलन गरे । 'छोरा पाउनुपर्छ भन्ने गलत मानसिकताको कारणले पनि लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने प्रवृत्ति बढ्दो छ', उनले भने, 'यस्तो प्रवृत्ति मौलाएको खण्डमा समाजमा छोराको विवाह गर्नका लागि बुहारी खोज्न निकै ठूलो समस्या हुने देखिन्छ । सोतर्फ ध्यान दिन जरुरी भइसकेको छ ।' सामान्यतया गर्भमा रहेको १४ हप्तापछि गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्न सकिने गर्छ । दश हप्तासम्मको गर्भपतन अनुमति प्राप्त स्वास्थ्य संस्थाबाट औषधिको माध्यमबाट गर्न सकिन्छ भने १२ हप्तासम्मको गर्भपतन दक्ष स्वास्थ्यकर्मी तथा चिकित्सकमार्फत गर्नुपर्ने हुन्छ । वीरगंज महानगरपालिका स्वास्थ्य जनस्वास्थ्य प्रवद्र्धन शाखाका अधिकृत इन्दिरा लोहनीले सरकारी स्वास्थ्य संस्थामा गोपनीयता कम हुने भन्दै थोरै संख्यामा मात्रै सुरक्षित गर्भपन गराउन आउने बताए । 'बिरामीले सरकारी स्वास्थ्य संस्थामा गोपनीयता कम हुन्छ भन्ने जुन भ्रमको कारणले आइरहनुभएको छैन । त्यसलाई चिर्न जरुरी भइसकेको छ', उनले भने, 'बिरामीको गोपनीयतालाई हामीले उच्च ध्यान दिँदै आइराखेका छौँ ।'
वीरगंज महानगरभित्र सुरक्षित गर्भपतन गराउने निकायमा नारायणी अस्पताल, मेरी स्टोप्स, ओम हस्पिटल र बगही प्रथामिक स्वास्थ्य केन्द्र छ । वीरगंज महानगरमा आर्थिक वर्ष २०८०/८१ मा २० वर्षमुनिका १२ हप्तासम्मको गर्भ रहेका २३ जना महिलाले मेडिकल औषधिमार्फत सुरक्षित गर्भपतन गराएका थिए । त्यस्तै सोही अवधिमा २० वर्ष मुनिका १२ हप्तासम्मका गर्भ रहेका ९१ जना महिलाले सर्जिकलमार्फत गर्भपतन गराएका थिए । आव २०८०/८१ मा वीरगंज महानगरमा २० वर्षभन्दा माथिका उमेर समूहका दुई सय ४५ जना महिलाले १२ हप्तामाथिका गर्भवतीले मेडिकल औषधिमार्फत सुरक्षित गर्भपतन गराएका छन् । त्यस्तै २० वर्षभर्षभन्दा माथिका नौ सय ७३ जना महिलाले १२ हप्ताभन्दा धेरै समयको गर्भ सर्जिकलमार्फत सुरक्षित गर्भपतन गराएका थिए । रासस

# बस पल्टिँदा ड्युटीमा रहेका सशस्त्र प्रहरीको मृत्यु







**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लामा यात्रुबाहक बस अनियन्त्रित भई पल्टिँदा ड्युटीमा रहेका एक जना सशस्त्र प्रहरी निरीक्षकको मृत्यु भएको छ । मंगलबारराति पौने ९ बजे बलरा नगरपालिका ९ स्थित बीओपी छतौनाको गेट अगाडि बस पल्टिँदा सशस्त्र प्रहरी निरीक्षक विजय कुमार तुलाधरको ज्यान गएको हो । बसले थिच्दा गम्भीर घाइते भएका तुलाधरलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएकोमा चिकित्सकहरुले राति पौने १० बजे मृत घोषणा गरेका थिए । छतौनाबाट काठमाडौंतर्फ आउँदै गरेको बा ०१–००६ ख २००४ नम्बरको राजदेवी बस अनियन्त्रित भई पल्टिएर इन्सपेक्टर तुलाधरलाई थिचेको थियो । सशस्त्र प्रहरी १० नम्बर गण दरबन्दीका इन्सपेक्टर तुलाधर गत असोज ४ गतेदेखि बीओपी छतौनामा कार्यरत थिए ।

# स्कर्पियोले मोटरसाइकललाई ठक्कर दिँदा दुई जना घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकपुर–ढल्केवर सडक खण्डमामा भारतीय नम्बरको स्कर्पियोले मोटरसाइकललाई ठक्कर दिँदा दुई जना घाइते भएका छन् ।
धनुषाको लक्ष्मिनियाँ गाउँपालिका वडा नम्बर ७ स्थित ढल्केवर–जनकपुर सडक खण्डमा जनकपुरबाट लक्ष्मिनियाँ तर्फ जाँदै गरेको स ८ प ३०५७ नम्बरको मोटरसाइकललाई बाटो क्रस गर्ने क्रममा बीआर ०६ डीटी १९८८ नम्बरको भारतीय स्कर्पियो गाडीले ठक्कर दिँदा मोटरसाइकलमा सवार दुई जना गम्भीर रूपले घाइते भएका हुन् । घाइते हुनेमा मोटरसाइकल चालक जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ मिल्स एरिया निवासी अन्दाजी १६ वर्षीय बिबेक राय र पछाडि सवार सोही स्थानका १६ वर्षीय आयुष पाठक रहेको प्रहरीले जनाएको छ । घाइतेहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले स्कर्पियो चालक भारतको बिहार राज्यस्थित मुज्जफरपुर निवासी ३५ वर्षीय धर्मेन्द्र सहनीलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लक्ष्मीनियामा राखेको छ ।

# विद्यार्थीहरुलाई सरसफाई तथा हरियालीको महत्वबारे प्रशिक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ४ विर्ता स्थित श्री त्रिजुद्ध महावीर प्रसाद रघुवीर राम उच्च माध्यमिक विद्यालयका विधार्थीहरुलाई सरसफाई तथा हरियालीको महोत्सव बारे प्रशिक्षण दिइएको छ । 'समाजमा परिवर्तन र विकास ल्याउन जरालाई मजबुत बनाउनु पर्दछ, र हाम्रा बालबालिका देशका भविष्यका जरा हुन्', भन्ने नाराका साथ त्रिजुद्ध मा.वि तथा ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरले संयुक्त रुपमा विद्यार्थीहरुलाई सरसफाइ तथा हरियालीका महत्वबारे प्रशिक्षण दिएका हुन् । विद्यालयमा आयोजित बिहानको प्राथना कार्यक्रमलाई सम्बोधन गर्दै ग्रिन सिटीका अध्यक्ष जयप्रकाश खेतानले स्वच्छ वातावरण भए मानव स्वस्थ रहने भन्दै नगरलाई सफा र हराभरा बनाउन सबै एकजुट हुनुपर्ने कुरामा जोड दिए । उनले मानिस आफू स्वस्थ रहन आफ्नो व्यक्तिगत सरसफाईमा ध्यान दिए जस्तै छेउछाउको वातावरणलाई स्वच्छ बनाउने दायित्व पनि स्वयम आफ्नै रहेको पनि बताए । उनले विद्यार्थीहरु देशको सुन्दर भविष्य रहेको भन्दै समाजका कल्याण र वातावरण संरक्षणमा सानैदेखि अग्रसर भएर अघि बढ्नुपर्ने बताए । कार्यक्रममा त्रिजुद्ध मा.विका प्रधानाध्यापक यमनाथ पनेरु, प्रहरी नायब निरीक्षक स्वप्निल देवकोटा, ग्रिन सिटीका सञ्जय शर्मा, त्रिलोक चन्द दारुका लगायतका पदाधिकारीहरु सरसफाइ प्रमुख सर्फुदिन मियाँ लगायतको उपस्थिति रहेको थियो ।

# मधेश प्रदेशमा विकास बजेट खर्च सुस्त

**मधेशदृष्टि**
**धनुषा ।**
दोस्रो त्रैमासिक बित्ने बेला हुनलाग्दा समेत मधेश प्रदेश सरकारको विकासे बजेट खर्च निराशाजनक रहेको छ । कुनै पनि आर्थिक वर्षमा प्रदेश सरकारले सन्तोषजनक रूपमा बजेट खर्च गर्न सकेको अवस्था देखिएको छैन । सङ्घीय सरकारले आवश्यकताअनुसार बजेट उपलब्ध नगराएको गुनासो गर्ने प्रदेश सरकारले संघीय सरकारकै अनुदानलाई आधार मानेर बनाएको बजेट खर्च गर्ने क्षमताको भने विकास गर्न सकेको छैन । चालु आर्थिक वर्ष २०८१÷८२ को पाँच महिना बित्दा समेत विकासे बजेट खर्च अति कै न्यून रहेको छ । मधेश सरकारले चालुतर्फ १६ अर्ब ७ लाख रुपैयाँ र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार रुपैयाँ गरी चालु आवमा ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँको बजेट ल्याएको थियो । पहिलो त्रैमासिकमा कुल पुँजीगत बजेटको ०.०५ प्रतिशत मात्र खर्च भएको प्रदेश तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।
कार्यालयका अनुसार पाँच महिनाको तथ्याङ्कमा खर्चको अवस्था हेर्दा अर्थ र वन तथा वातावरण मन्त्रालयबाहेक अन्य मन्त्रालय र निकायको बजेट एक प्रतिशत पनि खर्च हुन सकेको देखिएको छैन । अर्थ मन्त्रालयको पुँजीगत बजेट ६.०४ प्रतिशत र वन तथा वातावरणको १.४४ प्रतिशत खर्च भएको छ । सबैभन्दा बढी १२ अर्ब ६८ करोड ९० लाख ११ हजार रुपैयाँ पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले दुई करोड २८ लाख ४० हजार दुई सय १९ रुपैयाँ मात्र खर्च गरेको छ । यो मन्त्रालयको कुल पुँजीगत खर्चको ०.१८ प्रतिशत मात्र हो ।
यस्तै चार अर्ब ७४ करोड पुँजीगत बजेट विनियोजन भएको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले पाँच महिना अवधिमा चार करोड ५९ लाख ७८ हजार अर्थात ०.९७ प्रतिशत विकास बजेट खर्च गरेको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको दुई अर्ब २४ करोड ४७ लाख सात हजार बजेट रहेकामा एक करोड ९० लाख ८० हजार नौ अर्थात् ०.८५ प्रतिशत खर्च भएको छ ।
वन मन्त्रालयको एक अर्ब १५ करोड ३६ लाख ५४ हजार पुँजीगत बजेट रहेकोमा एक करोड ६६ लाख १२ हजार छ सय १७ अर्थात् १.४४ प्रतिशत खर्च गरेको छ । श्रम तथा यातायात मन्त्रालयको ३४ करोड ९५ लाख ३५ हजार पुँजीगत बजेट रहेकामा २९ लाख ३६ हजार ९४ रुपैयाँ खर्च गरेको छ । यो यस मन्त्रालयको कुल पुँजीगत बजेटको ०.८४ प्रतिशत मात्र हो ।
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा पुँजीगततर्फ दुई अर्ब ६४ करोड २४ लाख बजेट रहेकोमा मात्र सात लाख ९२ हजार सात सय २० रुपैयाँ अर्थात् ०.०३ प्रतिशत खर्च गरेको छ ।
शिक्षा तथा समाज कल्याण मन्त्रालयमा एक अर्ब ७५ करोड ८० लाख २० हजार पुँजीगत बजेट रहेकामा एक करोड पाँच लाख ४८ हजार एक सय २० अर्थात ०.६० प्रतिशत खर्च गरेको छ ।
यसैगरी गृह, सञ्चार तथा कानुन मन्त्रालयको पुँजीगत बजेट ०.०८ प्रतिशत छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुँजीगत बजेट खर्च शून्य छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पुँजीगत खर्च ०.४५ प्रतिशतमात्र छ । अन्य निकायको अवस्था पनि यस्तै नाजुक छ ।
विकासे बजेटले गति लिन नसक्नुको प्रमुख कारण मधेस सरकारको चालु आवको बजेट वक्तव्य र अर्को खर्च मार्गदर्शन रहेको बताइएको छ । प्रदेश सरकारको आव २०८१÷८२ को नीति तथा कार्यक्रमको बुँदा नं २१ मा प्रदेश सरकार आयोजनाहरूको कार्यान्वयन गर्दा खुल्ला एवम् प्रतिस्पर्धात्मक खरिद विधिको अबलम्बन हुने गरी व्यवस्था मिलाइने र लाभग्राही एवम् नागरिकको आयोजनाप्रति स्वामित्व र अपनत्व सिर्जना गर्न पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचलान गरिने उल्लेख गरिएको छ । त्यस्तै बजेट वक्तव्यको बुँदा नं १४७ मा प्रदेश सरकारअन्तर्गतका निकायहरूले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरू खुला एवम् प्रतिस्पर्धी खरिद विधिअनुसार गरिने तथा स–साना सार्वजनिक निर्माण कार्य गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्ने नीति लिइने र नागरिकको आयोजनाप्रतिको स्वामित्व, अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिने व्यवस्था गरिएको छ ।



विगतमा मधेश सरकारको बहुसङ्ख्यक योजनाका काम उपभोक्ता समितिबाट हुने र त्यसक्रममा आयोजना किनबेच हुने गरेको व्यापक जनगुनासो आएपछि यस किसिमको व्यवस्था मुख्यमन्त्री सिंह नेतृत्वको सरकारले ल्याएको हो ।
बजेट वक्तव्यको १४७ र नीति तथा कार्यक्रमको बुँदा नं २१ कार्यान्वयन गर्न अर्थ मन्त्रालयले ४ साउनमा जारी गरेको ६४ बुँदे मार्गदर्शनको ४० नम्बर बुँदामा १६ शीर्षकमा बजेट खर्च गर्न सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने भनिएको थियो ।
यस बुँदालाई आधार बनाएर अर्थ मन्त्रालयले कात्तिक अन्तिम सातासम्म मन्त्रालयका पुँजीगत बजेट पिएलएमबीआइएसमा लक गरेको थियो । सो मार्गदर्शनको बाधा फुकाउन अर्थ मन्त्रालयमा नयाँ सचिवका रूपमा रामकुमार महतो आएपछि १४ मङ्सिरमा उक्त मार्गदर्शन नै खारेज गरे र नयाँ चारबुँदे मार्गदर्शन जारी गरेको छ ।
'चारबुँदे खर्च मार्गदर्शन जारी गरी बजेट खुला गरिसकेको छ । अब बजेट परिचालन गर्न निकायलाई कुनै बाधा छैन । प्रचलित नियम कानुनबमोजिम बजेट खर्च गर्न नियकायहरू स्वतन्त्र छन्', अर्थसचिव रामकुमार महतो भन्छन् ।
यता मधेश प्रदेश सरकारको योजना प्रतिस्पर्धी खरिद विधि र उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने विषयमा गठबन्धन दल पनि विभाजित भएका छन् । योजना खरिद बिक्री हुने र अनियमितता नियन्त्रण गर्न विनियोजन विधेयकमा प्रतिस्पर्धा विधिबाट योजना सञ्चालन गर्ने उल्लेख गरिएको र अहिले दलका नेताहरूले उपभोक्ता समितिबाट योजना सञ्चालन गर्नुपर्ने अडान राखेको जनमत पार्टी संसदीय दलका नेता महेश यादवले बताए ।
नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले विगतमा झै उपभोक्ता समितिमार्फत नै योजना सञ्चालन गर्नसके चाँडै काम हुने भएकाले आफूहरुको माग रहेको बताए । नेकपा (एमाले)की प्रदेश सांसद शारदादेवी थापाले प्रदेश सरकारको योजना सञ्चालन गर्न ढिलाइ भएकाले समयमै काम सम्पन गर्न उपभोक्ता समितिबाटै योजना सञ्चालन गर्ने संसदीय दलभित्र सहमति भएको बताए । रासस

## सम्पादकीय

# मधेशी शक्तिहरु एक होलान् ?

तपाईंलाई याद छ ? २००७ सालमा राणा शासनविरुद्ध भएको संघर्षको सफलतासँगै २००८ सालमा वेदानन्द झाले तराई कांग्रेस पार्टी स्थापना गरेका थिए। आजको कुरा होइन, ७४ वर्षअघिको विषय भयो। तपाईंलाई यो त याद छ कि, गजेन्द्रनारायण सिंहले सद्भावना काउन्सिल गठन गरेका थिए। पछि त्यो नेपाल सद्भावना पार्टीका नाममा राजनीतिक दल बन्यो। र, २०४८ को आमनिर्वाचनमा ६ सिट जित्ने पार्टी पनि भयो। २०४६ तिरको कुरापछि अब २०६२–६३ तिर लागौँ। दोस्रो जनआन्दोलन सफलतापछि मधेशको राजनीतिमा उदय भएको उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि पटकपटक विभाजनको सिकार भए। मधेश सत्तामा पुग्न ठूला दलहरुका लागि सारथिमा सीमित भयो। अहिले पनि केन्द्रमा बहुमत भएको ठूलो दलहरुको सरकारलाई टेको लगाउन नयाँ मधेशी शक्तिहरु सारथि छन्। त्यसैको भुक्तानी कांग्रेस एमालेले मधेश सरकार जनमत पार्टीलाई दिएको छ। यही वर्ष उपेन्द्र यादवको पार्टी टुक्रियो सत्ताका लागि। प्रभु साहले पार्टी खोले र केही दिनअघि मात्रै वार्षिकोत्सव मनाए। लोकतान्त्रिक समाजवादी पार्टीबाट अलग भएर राजेन्द्र महतोले पनि नयाँ पार्टी राष्ट्रिय मुक्ति पार्टी खोलेका छन्। स्वतन्त्र सांसदहरु पनि छन्। मधेशी शक्तिहरु एक हुनुपर्छ भनेर काठमाडौँमा भएको छलफलमा केही मधेशी नेताहरु चैँआएनन्।

काठमाडौँमा डेढदशकपछि मधेशी शक्तिहरु जुटेका छन्। मधेशी शक्तिहरु एक भए यो देशका शासकहरु तर्सन्छन् भन्ने पक्का हो। तर ठूला दलहरु सत्ता गुम्ने र केन्द्रीय राजनीतिबाट पाखा लाग्नु पर्ने भयले मधेशमा पार्टीका नयाँ पसलहरु खुलेको, नेताहरु नमिलेको नै हेर्न रुचाउँछन्। यति मात्र होइन, २०७२ असोज ३ गते नै संविधान जारी हुँदा असन्तुष्ट मधेशी शक्ति अहिले पनि असन्तुष्टि जनाइरहेको छ। तर ठूला दलहरु यस्तै मुद्दा बोकेर सत्तामा बसिरहेका छन्। अहिलेको सरकारको मूलमुद्दा संविधान संशोधन नै हो। यसै भनेको हो मधेशी शक्तिहरुले पनि। तर सत्तामा पुग्न ठूला दलहरुले भन्ने गरेको संविधान संशोधनको खाका बाहिर आएको छैन। र, संविधान संशोधन गरिहाल्ने मक्सद पनि देखिन्न। किनभने राजनीतिमा बोल्ने र गर्ने फरक हुँदोरहेछ।

सम्भावनाका हिसाबले मधेश सबैको आकर्षणको विषय हो। भौगोलिक सुगमता र ९८ प्रतिशत नै विद्युत् विस्तार भएको मधेशलाई नेपालकै स्वर्णभूमि बनाउने काममा मधेशी शक्तिहरुले चासो दिएनन्। यही कुरा गरेर मधेशी शक्तिहरुलाई जुधाएर सत्तामा रहिरहने र सत्तामा रहन प्रयोग गरिरहने नीति ठूला दलहरुको देखिन्छ। यस्तोमा पहिलोपटक करिब १५ वर्षपछि काठमाडौँमा जुटेका मधेशी शक्तिहरुको मुद्दा र एजेन्डा चैँ मधेशको लागि हो कि केन्द्रीय सत्ताका लागि ?

पहिलोपटक मधेशी शक्तिहरुलाई एउटै मञ्चमा उभ्याउने प्रयास भएको छ काठमाडौँमा। काठमाडौँले सधैँ दोस्रो दर्जाको नागरिक मान्यो, विकास बजेटमा पनि यस्तै ठान्यो भनेर गुनासो गर्ने मधेशले पनि खबरदारी गर्न जरुरी छ। यो खबरदारीमा मधेशी शक्तिहरु एकठ्ठा हुन जरुरी छ। तर मधेशी शक्तिलाई एउटै मञ्चमा पनि देख्न पाएनन् मधेशी जनताले। त्यहाँ पुगेनन् मधेशको राजनीतिमा परीक्षणकालमा रहेको जनमत पार्टीका सुप्रिमो। अरु मधेशी शक्तिहरु पनि जान हिच्किचाए। यति मात्र होइन, पुगेकाले पनि मधेशको राजनीति सुधार्ने कुरा गरेनन्, दारु, पैसाले राजनीतिमा टिक्ने दिन धेरै छैन भनेर घुर्कीधम्कीकै भाषा बोले र हिँडे। अरुको कुरा पनि सुन्नुपर्छ। आफ्ना कुरा मात्रै राखेर पनि हुन्न। आफ्नो कुरा राख्न आफ्नै सामाजिक सञ्जाल, कार्यकर्ता छदैँछन्। अर्को कुरा नेतृत्वले बाटो देखाउने हो।

बाटोमा काँडा छ भनेर काँडैकाँडा मात्र देखाउने होइन। यो विषयमा सायद मधेशी शक्तिहरुले पाठ्यक्रम बनाएर धेरै जनसंख्या भएको प्रदेश र आर्थिक सम्भावना रहेको मधेशलाई राष्ट्रिय राजनीतिमा जोड्न एकाकार हुन जरुरी छ। फुटले बिगार्छ भन्ने त सद्भावना पार्टीदेखि जसपा नेपालसम्मको विभाजनले देखाएकै छ।

# विश्व अर्थतन्त्र २०२४: कमजोर वृद्धिदर, भूराजनीतिक तनाव

सन् २०२४ विश्व अर्थतन्त्र, राजनीति, र प्रविधिका अभूतपूर्व घटनाहरूको वर्ष बन्यो। भू–राजनीतिक तनाव, जलवायु सङ्कट, र मुद्रास्फीतिका दबाबले अर्थतन्त्रलाई चुनौती दिए। युक्रेन–रुस युद्ध, मध्यपूर्वको विवाद, र अमेरिकाको राष्ट्रपति चुनावले अन्तर्राष्ट्रिय सम्बन्धलाई पुनः परिभाषित गर्‍यो। क्रिप्टोकरेन्सीले ऐतिहासिक उचाइ हासिल गर्‍यो भने फिनटेक क्षेत्रले नयाँ सम्भावनाहरू देखायो। विश्व तापमानमा ऐतिहासिक वृद्धि र प्राकृतिक प्रकोपहरूले जलवायु सङ्कटलाई थप गम्भीर बनाएको यो वर्ष आर्थिक, सामाजिक, र प्राविधिक दृष्टिले महत्वपूर्ण रह्यो। विश्व अर्थतन्त्रका महत्वपूर्ण घटना र उपलब्धिहरू यस्ता रह्यो।

**कमजोर आर्थिक वृद्धि**

यो वर्ष कमजोर आर्थिक वृद्धिदर र उच्च मुद्रास्फीति र नियन्त्रणकारी मौद्रिक नीतिको वर्ष रह्यो। विश्व आर्थिक मञ्च (वल्ड इकोनोमिक फोरम) ले सन् २०२४ मा विश्व आर्थिक वृद्धिदर तीन दशमलव एक प्रतिशत र विश्व बैंकले दुई दशमलव छ प्रतिशत रहने प्रक्षेपण गरेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) का अनुसार विश्व अर्थतन्त्रको वृद्धिदर यसवर्ष तीन दशमलव दुई प्रतिशत रहने छ। आईएमएफद्वारा प्रकाशित 'वल्ड इकोनोमिक आउटलुक' अनुसार भूराजनीतिक तनाव, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप लगायतका कारण विश्वको आर्थिक वृद्धि कोभिड–१९ पूर्वको तुलनामा अझै कमजोर छ। यसवर्ष विकसित मुलुकको अर्थतन्त्र एक दशमलव आठ र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर चार दशमलव दुई प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ। यसवर्ष भारतको आर्थिक वृद्धिदर सात प्रतिशत र चीनको आर्थिक वृद्धिदर चार दशमलव आठ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ।

अघिल्ला वर्षहरूको तुलनामा विश्वको मुद्रास्फीतिमा सुधार हुँदै आएको छ। सन् २०२३ मा विश्वको उपभोक्ता मुद्रास्फीति छ दशमलव सात प्रतिशत रहेकोमा यसवर्ष पाँच दशमलव आठ प्रतिशत रहने कोषले प्रक्षेपण गरेको छ। यसवर्ष भारतको मुद्रास्फीति चार दशमलव चार प्रतिशत र चीनको मुद्रास्फीति शून्य दशमलव चार अनुमान गरिएको छ।

मुद्रास्फीतिमा क्रमिक सुधार देखिएसँगै अन्तर्राष्ट्रिय स्तरमा खुकुलो मौद्रिक नीति अवलम्बन गर्न थालिएको छ। अमेरिकी फेडरल रिजर्भले २०२३ जुलाईमा साढे पाँच प्रतिशत पुर्‍याएको 'फेडरल फण्ड रेट'लाई क्रमशः घटाउँदै २०२४ सेप्टेम्बरमा चार दशमलव ७५ प्रतिशतदेखि पाँच प्रतिशत कायम गर्‍यो भने २०२४ नोभेम्बरमा साढे चार प्रतिशत देखि चार दशमलव ७५ प्रतिशत कायम गरेको छ। युरोपियन केन्द्रीय बैंकले पनि २०२४ अक्टोबरमा निक्षेप सुविधा दरलाई २५ आधार विन्दुले घटाई तीन दशमलव २५ प्रतिशत कायम गरेको छ।

यसवर्ष मौद्रिक क्षेत्र व्यवस्थापनका लागि ठूलो अर्थतन्त्र भएका मुलुकका केन्द्रीय बैङ्कहरूले समेत कडा मौद्रिक नीति अबलम्बन गरे। जसले मुद्रास्फीति नियन्त्रण गर्न केही मद्दत पुर्‍याए पनि सार्वजनिक वित्तमा भने दबाब सिर्जना गर्‍यो।

**ब्रिक्सद्वारा अमेरिकी डलरको निर्भरता घटाउन पहल**

गत अक्टोबरमा रुसका कजानमा सम्पन्न ब्रिक्स राष्ट्रहरूको १६औँ सम्मेलनले अमेरिकी डलरप्रतिको निर्भरता घटाउने योजना माथि छलफल गरेपछि त्यसको चर्चा विश्वभरी चुलियो। अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्रिक्स राष्ट्रहरूले डलरको स्थानान्तरण गर्न खोजे ती देशहरूले महँगो भन्सार दर र व्यापार प्रतिबन्धसमेतको सामना गर्नुपर्ने चेतावनी दिएका छन्। हाल विश्वमा अमेरिकी डलरको प्रभुत्व घटिरहेको छ, तर यो अझै पनि सबैभन्दा बढी प्रयोग हुने मुद्रा हो। डलरले विश्व केन्द्रीय बैङ्क रिजर्भको करिब ५९ प्रतिशत हिस्सा ओगटेको छ। ब्रिक्स राष्ट्रहरूले डलरको प्रयोग घटाउने प्रयास गरे पनि यो प्रक्रिया शुरु हुन अझै समय लाग्नेछ। यद्यपि ब्रिक्स राष्ट्रहरूले डिजिटल मुद्राको प्रयोग र साझा मुद्रा निर्माणको प्रस्तावलाई प्राथमिकता दिएका छन्।

**अर्थशास्त्रतर्फको नोबेल पुरस्कार**

२०२४ अक्टोबर १४ मा स्वीडेनको रोयल स्वीडिश एकेडेमी अफ साइन्सले यसवर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार ड्यारन एसिमोग्लु, साइमन जोनसन, र जेम्स ए रोबिन्सनलाई प्रदान गर्ने निर्णय गर्‍यो। यी तीनजना अर्थशास्त्रीले 'सामाजिक संस्थाहरू कसरी निर्माण हुन्छन् र तिनले मुलुकको आर्थिक विकास तथा समृद्धिमा कस्तो प्रभाव पार्छन्' भन्ने बारे अध्ययन गरेका थिए। बढी समावेशी संस्थाहरू भएका देशहरूमा समृद्धि सम्भव भएको तर शोषणकारी संस्थाहरू भएका देशहरू आर्थिक असमानतामा फसिरहेका निष्कर्ष उहाँहरूको अनुसन्धानको थियो। समावेशी संस्थाहरूले दीर्घकालीन लाभ पुर्‍याउने तर शोषणकारी संस्थाहरूले अल्पकालीन रूपमा सत्तामा रहेका व्यक्तिलाई मात्र फाइदा पुर्‍याउँछन्।

**दुई अमेरिकी बैङ्क डुबे**

सन् २०२३ मा अमेरिकामा पाँचवटा बैङ्क बन्द भएकोमा यसवर्ष थप दुईवटा बैङ्क डुबे। अमेरिकाको ओक्लाहोमा राज्यको 'द फस्ट नेसनल बैङ्क' र पेन्सिलभेनिया राज्यको 'रिपब्लिक फस्ट बैङ्क' यसवर्ष बन्द भए। झुटा तथा भ्रामक बैङ्क रेकर्ड, ठगी, क्रिप्टोमा लगानी जस्ता कारण यी बैङ्कमा समस्या देखिएपछि अमेरिकाको फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनले टेकओभर गरेर व्यवस्थापन गरेको थियो।

**फस्टाउँदो 'फिनटेक'**

सन् २०२४ मा फिनटेक क्षेत्रमा प्रविधिको विकाससँगै त्यसले प्रयोगकर्ता आएको परिवर्तनका कारण ठूलो रूपान्तरण देखियो। अन्तरदेशीय (क्रस–बोर्डर) भुक्तानी क्षेत्रमा 'ब्लकचेन' र 'स्टेबलकोइन' प्रविधिको प्रयोगले अन्तर्राष्ट्रिय कारोबारलाई छिटो, सस्तो, र पारदर्शी बनाउँदै लगेको छ। डिजिटल वालेटहरू बहुआयामिक वित्तीय प्लेटफर्मका रुपमा उदाएका छन्। वालेटका रुपमा उदाएका 'एप्पल पे' 'गुगल पे' जस्ता प्लेटफर्महरु क्रिप्टोकरेन्सी कारोबार, क्रस–बोर्डर भुक्तानीलगायतका क्षेत्रमा आक्रामक रुपमा अघि बढिरहेका छन्। 'ओपन बैङ्किङ' को अवधारणा, अमेजनजस्ता इकमर्स प्लेटफर्महरूले आफै भुक्तानी सेवा उपलब्ध गराउन थाल्नु, कृत्रिम बौद्धिकताको प्रयोगबाट लगानीको जोखिम विश्लेषणलगायतका प्रविधिमा आधारित विषयहरू यसवर्ष चर्चामा रहे। यी प्रवृत्तिहरूले फिनटेक क्षेत्रलाई तीव्र विकास मात्र होइन, उपभोक्तामुखी र वातावरणीय रूपमा उत्तरदायी सेवाहरूलाई प्राथमिकता दिने नयाँ दृष्टिकोण विश्वव्यापी रुपमा स्थापित हुन थालेको छ।

**गुगललाई विश्वको जिडिपीभन्दा बढी जरिवाना**

रुसको एक अदालतले गत अक्टोबरमा गुगल कम्पनीलाई हालसम्मकै ठूलो रकम जरिवानाको फैसला गर्‍यो। युट्युबमा रुसका सञ्चारमाध्यमलाई प्रतिबन्ध लगाएपछि दुई अन्डेसिलियन (दुईको पछाडि ३६ वटा शून्य) बराबरको जरिवानाको फैसला रुसको अदालतले गरेको हो। यो जरिवाना रकम विश्वको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) भन्दा पनि बढी हो।

ऐतिहासिक बिन्दुमा क्रिप्टो बजार

सन् २०२४ मा क्रिप्टोकरेन्सी बजारले ऐतिहासिक बिन्दु कायम गर्‍यो। यस वर्ष बिटक्वाइनको मूल्य एक लाख अमेरिकी डलर नाघ्यो। गतवर्षको तुलनामा बिटक्वाइनको मूल्य १२० प्रतिशत ले र इथरको मूल्य ५५ प्रतिशतभन्दा बढीले वृद्धि भयो। यस्तो वृद्धिको प्रमुख कारणमध्ये 'बिटक्वाइन एक्सचेञ्ज–ट्रेडेड फन्ड' लाई अमेरिकाले स्वीकृति दिनु, विटक्वाईनमा संस्थागत लगानीकर्ताको चासो बढ्नु र नयाँ क्रिप्टो नियमहरू लागु हुनु लगायत हुन्। नेपालको छिमेकी देश भुटानले यसवर्ष अमेरिकी डलर तीन करोड ५० लाख बराबरको बिटक्वाईन बेचेको विषय पनि चर्चामा रह्यो।

**ठूला मर्जर र एक्विजिसन**

सन् २०२४ मा व्यावसायिक क्षेत्रमा निकै महत्वपूर्ण प्राप्ति (मर्जर) र अधिग्रहण (एक्विजिसन) का सम्झौता भए। यसवर्ष 'क्यापिटल वान फाइनान्सियल कर्पोरेशन'ले डिस्कभर फाइनान्सियल सर्भिसेजलाई ३५ दशमलव ती अर्ब अमेरिकी डलर बराबरको स्टक–आधारित सम्झौतामा अधिग्रहण गर्ने घोषणा गर्‍यो। यस मर्जरले क्रेडिट कार्ड र उपभोक्ता बैङ्किङ क्षेत्रमा ठूलो प्रतिस्पर्धी संस्था निर्माण गर्ने लक्ष्य राखेको छ। त्यस्तै, जोन्सन एन्ड जोन्सन (जे एन्ड जे) ले १३ दशमलव एक अर्ब डलरमा शकवेभ मेडिकललाई अधिग्रहण गर्‍यो। जसले इन्ट्राभास्कुलर लिथोट्रिप्सी (आईभिएल) प्रविधिमा आधारित मेडिकल उपकरण निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ठानिएको छ। त्यस्तै, हेव्लेट प्याकार्ड इन्टरप्राइजले १४ अर्ब डलरमा जुनिपर नेटवर्क्सलाई गरेको अधिग्रहण, एक्सोन मोबिलले पायोनियर नेचुरल रिसोर्सेसलाई करिब ६० अर्ब डलरको स्टक–आधारित सम्झौताको अधिग्रहणलगायतका व्यावसायिक सम्झौताहरू चर्चामा रहे।

**साइबर हमला**

सन् २०२४ मा भएका विभिन्न साइबर हमलाले विश्वभरका धेरै वटा संस्था र महत्वपूर्ण सेवा प्रवाहमा अवरोध सिर्जना भयो। २०२४ जनवरीमा अमेरिकाको लोन डिपो कम्पनीमा र्‍यान्समवेयरु आक्रमण हुँदा उक्त कम्पनीको एक करोड ६० लाख भन्दा बढी ग्राहकको व्यक्तिगत जानकारी चोर्नुका साथै कम्पनीलाई करिब दुई लाख ७० हजार अमेरिकी डलर बराबरको घाटा लाग्यो। चिनियाँ ह्याकरहरुको समूह 'भोल्ट टाईफुन' ले अमेरिकाको ऊर्जा, पेट्रोलियम पाइपलाईनजस्ता महत्वपूर्ण पूर्वाधार परियोजनामा साइबर आक्रमण गरे। अमेरिकाको 'चेन्ज हेल्थ केयर' आक्रमण, अस्ट्रेलियाको 'मेडि सेक्युअर' डाटा चोरी, बेलायतको 'एनएचएस' आक्रमण, स्नोफ्लेक आक्रमणलगायतका घटनाले साइबर सुरक्षाको क्षेत्रलाई तरङ्गित बनायो।

यसरी सन् २०२४ मा राजनीति, जलवायु, युद्ध, सूचना प्रविधिलगायतका क्षेत्रमा महत्वपूर्ण घटना घटे। अमेरिकी राष्ट्रपतीय चुनावमा डोनाल्ड ट्रम्पले पुनरागमन गर्दै विश्व राजनीतिमा ठूला बदलावको सङ्केत दिए। उनको 'अमेरिका फस्ट' नीतिले अन्तर्राष्ट्रिय सम्बन्ध कसरी अघि बढ्छ भन्नेबारे विभिन्न अड्कलबाजी भइरहेका छन्। जलवायु परिवर्तनको असरले सन् २०२४ लाई इतिहासकै सबैभन्दा तातो वर्ष बनायो। बढ्दो तापक्रम र प्राकृतिक प्रकोपहरूले वातावरणीय सङ्कटलाई थप जटिल बनाए। युक्रेन–रुस युद्धको तेस्रो वर्षमा द्वन्द्व अझै तीव्र बन्यो, र दुवै पक्षले ठूलो क्षति व्यहोर्नुपर्यो। मध्य पूर्वी देशको विवाद पनि उत्कर्षमा रह्यो। रासस

# हिमाललाई नजिकबाट नियाल्ने गन्तव्य कपुचे ताल

आँखै अगाडि ड्वाङड्वाङ आवाजसहित हिउँ पहिरो झर्ने कास्कीको मादी गाउँपालिका वडा नं १ स्थित कपुचे ताल नजिकबाट हिमाललाई नियाल्न सकिने गन्तव्यका रुपमा विकास भएको छ।

अन्नपूर्ण दोस्रो र चौथो हिमालको बीचबाट कुनै समयमा हिमपहिरो बनेको अनुमान गरिने यस ताल समुद्री सतहबाट जम्मा दुई हजार चार सय २१ मिटर उचाइमा रहेको छ। कूल दश हजार चार सय ४० वर्गमिटर क्षेत्रफलमा फैलिएको कपुचेलाई विश्वकै कम उचाइमा भएको हिमतालका रुपमा दाबी गरिएको मादी गाउँपालिका वडा नं १ का वडाध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो।

आँखै अगाडि हिमाल, हिमापहिरोका साथै हरियो र निलो मिश्रित रङको तालको पानीमा घामका किरणहरू पर्दाको मनोरम दृश्य नै यहाँको प्रमुख आकर्षण हो। कपुचे हिमताललाई स्थानीय गुरुङ भाषामा क्हफुचे भनिने बताउँदै वडा अध्यक्ष गुरुङले क्हको अर्थ हिउँ, फुको अर्थ डल्लो र चेको अर्थ समथर भूभाग भन्ने रहेको बताउनुभयो।

क्हफुचेबाट अपभ्रंस हुँदै यस ताललाई कपुचे, कफुचे आदिका रुपमा लिने गरिएको उहाँले जानकारी दिनुभयो। बजारदेखि नजिकको हिमताल कपुचेको शान्त वातावरणसँगै वर्षातको समयमा यहाँ फूल्ने विभिन्न प्रजातिका रङ्गी, वीरङ्गी फूलहरूले फूलेर वनपाखा मनमोहक देखिन्छन्।

पर्यटकीय गाउँ सिक्लेसदेखि हुगु हुँदै छ घण्टा पैदलयात्रा गरेपछि कपुचे पुग्न सकिन्छ। बाटोमा पर्ने इदी झरना मनमोहक र आकर्षक छ। पर्यटकको सुविधाका लागि कपुचे र हुगुमा रेष्टुराँ र अस्थायी संरचनाका होटल बनिसकेका छन्। परम्परागत रुपमा यसअघि बनेका कतिपय भेडीगोठलाई स्तरोन्नति गर्दै पर्यटकस्तरीय होटेलका रुपमा विकास गर्न खोजिएको देखिन्छ।

काठले बारेका घरमा निगालोको चोयाले बनेका चित्राले छाएका घरमा पर्यटकलाई बास बस्ने ब्यवस्था मिलाएको सिक्लेस–कफुचे मार्गस्थित हुगुमा होटेल आइसफल चलाउँदै आउनुभएका पर्यटन व्यवसायी कृष्ण गुरुङले बताउनुभयो। जङ्गलको बीच र मादी नदीको किनारमा रहेको हुगु यस क्षेत्रमा प्राचीन गोठहरू भएको क्षेत्र हो। अहिले प्राचीन गोठहरू हराउँदै गए पनि तिनै गोठहरू रहेका स्थानमा पर्यटक लक्षित गरी होटेल लगायतका पूर्वाधार विकास गर्न खोजिएको उहाँले बताउनुभयो। हुगुका होटेलको आगनबाट टाउको ठडाउने बित्तिकै लमजुङ हिमाललाई आँखै अगाडि देख्न सकिन्छ।

पछिल्ला समयमा हिमताल र हिउँ पहिरो अवलोनका लागि स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख गन्तव्य बन्दै गएको कपुचे हिमतालसम्म पुग्नका लागि बाटो लगायत पूर्वाधारलाई राज्यले प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ।

सिक्लेसदेखि सिधै कपुचे पुगेर त्यही बास बसेर भोलिपल्ट फर्किन सक्ने अथवा फर्किएर हुगुमा आएर बास बस्ने दुवै विकल्प छन्। हुगुमा परापूर्वकालमा हिउँदमा सिक्लेसवासीको गाईभैँसी र भेडागोठ राख्ने चलन थियो। हुगुदेखि सिक्लेस फर्कन र नौटा हुँदै अर्को गन्तव्य कोरी पुग्न सकिन्छ।

पर्यटकीय नगरी पोखराबाट नजिकै रहेको कला संस्कृतिले भरिपूर्ण गुरुङ गाउँ सिक्लेसबाट एक दिनको पदयात्रामा पुग्न सकिने भएका कारण पनि यो पछिल्लो समय चासो र चर्चामा छ। तालको महिमा र गरिमालाई स्वदेशी एवं विदेशी पर्यटकमाझ पुर्‍याउँदै यसको प्रवर्द्धन गर्ने लक्ष्यका साथ मादी गाउँपालिकाले यसको प्रवर्द्धनलाई जोड दिएको मादी–१ का वडाध्यक्ष गुरुङले बताउनुभयो। सिक्लेसबाट कपुचेसम्म पुग्ने पैदलमार्गलाई व्यवस्थित गर्नेतर्फ आफूहरूको चासो र सक्रियता बढेको बताउँदै उहाँले यसबीचमा गाउँपालिकासहित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), राष्ट्रिय ताल प्राधिकरण, गण्डकी प्रदेश सरकार आदि निकायबाट तालको पूर्वाधार विकाससँगै तालसम्म जाने बाटो आदिका लागि सहयोग प्राप्त भई केही कामहरू अघि बढेको जानकारी दिनुभयो।

वडाध्यक्ष गुरुङका अनुसार हराउँदै गएको घोडचढी संस्कृतिको जगेर्नालाई लक्षित गरी गाउँपालिकाले सिक्लेसबाट कपुचेसम्मका लागि ५० अनुदानमा घोडा खरिद गर्ने गरी कार्यक्रम अघि सारेको भएपनि त्यसतर्फ युवाहरूको आकर्षण देखिएन।

ताल कहिले बन्यो भन्ने यकिन तथ्य नभए पनि उक्त क्षेत्रमा पहिले पहिले विभिन्न भेडी गोठ रहे पनि अहिले भने छैनन्। सिक्लेस–कपुचे मार्गमा पर्ने हुँगु र कपुचे दुवै स्थान प्राचीन भेडी गोठ रहने क्षेत्र हो। कपुचेको यात्राका क्रममा सिक्लेसबाट राम्रो हिँड्न सक्नेहरू लगभग साढे तीन घण्टामा हुगु पुग्न सक्छन्। हिँड्न नसक्नेका लागि भने चारदेखि पाँच घण्टासम्म लाग्ने गर्दछ। हुगु पुगेका पर्यटक हिँड्न सक्ने एक घण्टामा कफुचे पुगे पनि नसक्नेका लागि डेढ दुई घण्टासम्म लाग्ने गर्दछ।

पोखराबाट छोटो दूरीमा रहेको कपुचेलाई समेटेर सिक्लेसहुँदै कपुचे–कोरी क्होलासोथार–कर्पु हुँदै याङजाकोटलाई गुरुङ सम्पदा पदमार्गअन्तर्गत समेट्दै प्रवद्र्धनका काम अघि बढाइएको गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले बताउनुभयो।

सङ्घले प्राचीन गुरुङ बस्ती रहेको सिक्लेससहित गुरुङ गाउँ र जोडिएका प्राचीन भेडीगोठ एवं नुन बोक्ने मार्गलाई समेटेर बृहत् अवधारणका साथै गुरुङ सम्पदा पदमार्गको अनुसन्धान, एवं अन्वेषण गरी त्यसको प्रवद्र्धन र विकासमा जोड दिएको उहाँले बताउनुभयो।

सङ्घकै आयोजनामा पुसको दोस्रो हप्ता सिक्लेसबाट कपुचे, कोरी, क्होलासोथार, कर्पु हुँदै याङ्जाकोटसम्मको गुरुङ सम्पदा पदमार्ग प्रवद्र्धन सम्पन्न गरिएको सङ्घका महासचिव तुल गुरुङले बताउनुभयो। पोखराबाट नजिक रहेको कपुचे हिमतालको महिमा र गरिमासँगै यहाँको पर्यटकीय आकर्षणलाई विश्व पर्यटन बजारमा पुर्‍याउनु जरुरी रहेको उहाँले बताउनुभयो। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# पार्टीलाई समुदाय केन्द्रित बनाउनुपर्नेमा कांग्रेस महामन्त्री थापाको जोड




**मधेशदृष्टि**
**चितवन ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीलाई नेता केन्द्रित नभइ समुदाय केन्द्रित बनाउनुपर्नेमा जोड दिएका छन् । प्रा डा यज्ञप्रसाद अधिकारीको जीवन सङ्घर्षका बारेमा लेखिएका लेखहरूको सङ्ग्रह 'लोकतान्त्रिक समाजवादका भास्यकार प्राडा यज्ञप्रसाद अधिकारी' नामक पुस्तकको बुधबार यहाँ विमोचनपछि सम्बोधन गर्दै उहाँले राजनीतिक दलहरू समाज केन्द्रित हुनुपर्ने समय आएको बताएका हुन् ।

उनले भने, 'जीवनभर कांग्रेसमा काम गरेका नेताहरूको आशिर्वाद लिँदै सामाजिक क्षेत्रमा लाग्नुपर्ने समय आएको छ ।' कांग्रेसका पुराना पुस्ताको सम्मान गर्दै समाज केन्द्रित हुन सकेमा युवापुस्ताको आकर्षण बढ्ने उनले बताए । उनले थपे, 'पार्टी संरचनालाई सत्तासँग जसरी जोडेका छौँ त्यसरी नै समाजमा फर्काउन आवश्यक छ ।'

कार्यक्रममा नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य गुरुराज घिमिरेले प्रा डा अधिकारीले जीवनमा देश र पार्टीका लागि पुर्याएको योगदानको चर्चा गरे । सो अवसरमा अधिकारीका भाइ प्रकाश अधिकारीले आफ्नो दाजुले लोकतान्त्रिक समाजवादका लागि प्राज्ञिक क्षेत्रबाट पुर्याएको योगदान र उनको जीवनीका बारेमा जानकारी गराए ।

प्रजातन्त्र संवद्र्धन केन्द्रका अध्यक्ष डा जगदीश पोखरेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, समीक्षक रामबाबु घिमिरे, डा गोपाल शिवाकोटी, भुवन थपलिया अधिकारीले पुस्तक र प्रा डा अधिकारीका बारेमा आफ्नो धारणा राखेका थिए । थपलियाले पुस्तकको संयोजन गरेका हुन् भने प्रा डा नारायणप्रसाद खनालले सम्पादन गरेका हुन् ।

पुस्तक प्रजातन्त्र सम्वद्र्धन केन्द्रले प्रकाशन गरेको हो । ६७ वटा लेख एवं कविता पुस्तकमा समावेश छन् । ती सबै प्रा डा अधिकारी र लोकतन्त्रसँग सम्बन्धित छन् । पाँच सय २८ पृष्ठको पुस्तकको मूल्य ७०५ रुपैयाँ राखिएको छ । विसं २००९ चैत २३ गते पर्वतमा जन्मिएका अधिकारीले नेपाली कांग्रेसको विदेश नीतिमा विद्यावारीधि गरेका छन् । उनका १० वटा पुस्तक प्रकाशित छन् । रासस

# 'स्थिर सरकारबाट मात्रै समृद्धि सम्भव'



**मधेशदृष्टि**
**तनहुँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले स्थिर सरकारबाट मात्रै समृद्धि सम्भव हुने बताएका छन् । यहाँको बन्दीपुर गाउँपालिकाले आयोजना गरेको बन्दीपुर भ्रमण वर्ष २०२५ को बुधबार शुभारम्भ गर्दै मन्त्री दाहालले वर्तमान सरकार आर्थिक समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गरे । स्थिर सरकार नहुँदा मुलुक विकासमा पछाडि परेको बताउँदै उनले भने, 'लामो समयसम्म सरकार टिक्न नसक्दा देशको विकास हुनसकेन । देशको विकास गर्न ठूला दल मिलेर सरकार बनाएका हौँ ।' विकास, समृद्धि र स्थिरताका लागि वर्तमान सरकारले काम गरिरहेको बताउँदै उनले वर्तमान सरकार बनेपछि जनतामा आशा जागेको बताए । हालको आवश्यकता शिक्षा, स्वास्थ्यमा सबैको पहुँच वृद्धि, रोजगारीका अवसर सिर्जना, उत्पादनमा वृद्धि गर्नु रहेको र सरकार त्यो दिशामा रहेको उनले बताए । बन्दीपुर प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकाले यहाँको पर्यटनमार्फत आम्दानी गर्न उनले सुझाव दिए ।

कार्यक्रममा राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, अशोककुमार श्रेष्ठ, पर्यटनविज्ञ हरिसिं गुरुङले बन्दीपुर भ्रमण वर्षले बन्दीपुरको मात्र नभइ समग्र तनहुँको पर्यटन प्रवद्र्धनमा सघाउने बताए ।

बन्दीपुरमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेकामा त्यसलाई दोब्बर बनाने लक्ष्यसहित भ्रमण वर्ष आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए । गाउँपालिकाभित्रका सबै वडाका पर्यटकीय गन्तव्यलाई प्रचारप्रसार गरिने उनले बताए । बन्दीपुरका छ वटै वडाका पर्यटकीयस्थललाई पर्यटनको केन्द्र बनाउने सोच राखिएको उनको भनाइ छ । उनले भने, 'यहाँ प्याराग्लाडिङ, जिपलाइन जस्ता सहासिक खेलको सम्भाव्यता अध्ययन गरिनेछ ।' भ्रमण वर्षका संयोजक एवं पर्यटन व्यवसायी वैश गुरुङले बास बसेर खर्च गर्नसक्ने पर्यटक भित्र्याउने लक्ष्य लिइएको जानकारी दिए । भ्रमण वर्षका अवसरमा एक वर्षमा २४ वटा सांस्कृतिक कार्यक्रम, साहित्यिक सम्मेलन, साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिने उनको भनाइ छ । बन्दीपुर भ्रमण वर्षको अवसरमा छ सिजन अनुसारको प्याकेज बनाइ प्रवद्र्धन गर्ने, भारतीय र चिनियाँ पर्यटक अनुकूल प्याकेजमा ध्यान दिने, हाल मुलुकमा बाह्य पर्यटक आगमन संख्या वृद्धि भए तापनि बसाइँ अवधि र खर्च घटेको कारण उक्त कुरालाई ध्यानमा राखी प्याकेज तयार गरिने आयोजकले जनाएका छन् । रासस

# प्रत्येक वर्ष माघ १४ गते 'सम्पत्ति शुद्धीकरण दिवस' मनाइने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले प्रत्येक वर्ष माघ १४ गते 'सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस' मनाउने भएको छ । मङ्गलबार मन्त्रिपरिषद्ले गरेको निर्णयबारे बुधाबर जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरिएको जानकारी दिए ।

त्यसैगरी प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ र पाँचखाल विशेष आर्थिक क्षेत्रलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा विकास तथा सञ्चालन गर्न स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय छ । सरकारले फिलिपिन्समा आयोजना हुने 'फेस टु फेस मिटिङ' मा २०८१ साल पुस २८ देखि माघ २ गतेसम्म नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको नेतृत्वमा रहेको १३ सदस्यीय नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने र विशेष आर्थिक क्षेत्र प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा छत्रबहादुर कटुवाल (बाजुरा) लाई नियुक्त गर्ने पनि निर्णय गरेको छ । 'आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने आदेश जारी गर्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने र नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङलाई काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी, काठमाडौँमा सरूवा गर्ने निर्णय भएको छ', सरकारका प्रवक्ता गुरूङले भने । सरकारको नाममा दर्ता रहेको बाजुरा जिल्ला बूढीगङ्गा नगरपालिका–६ को एक हजार ७२५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा बूढीगङ्गा नगरपालिकाको प्रशासकीय भवन निर्माणार्थ बूढीगङ्गा नगरपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । सरकारले जिल्ला समन्वय समिति कैलालीको नाममा दर्ता रहेको धनगढी उपमहानगरपालिका वडा नं १ को दुई हजार ७१८ वर्गमिटर जग्गा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापनाका लागि धनगढी उपमहानगरपालिका, कैलालीलाई उपयोग गर्न स्वीकृति दिएको छ । हिल्सा–सिमिकोट सडकको सल्लीसल्ला–सिमिकोट खण्डको कडा चट्टान रहेको आठ सय मिटर लम्बाइको सडक निर्माण र चुवा खोलामा बेलीबृज निर्माण कार्य नेपाली सेनाबाट गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई स्वीकृति दिइएको छ ।

मन्त्रिपरिषद्ले राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्षमा ध्रुव आचार्य (रूपन्देही) लाई नियुक्त गर्ने र अप्पर देउमाई खोला साना जलविद्युत् आयोजना निर्माणका लागि इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका तथा देउमाई नगरपालिकामा रहेको राष्ट्रिय वनको ४ दशमलव ८२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने र कानेपोखरी गाउँपालिका मोरङको केन्द्र वडा नं ६ बयरवनलाई परिवर्तन गरी वडा नं ५ भौसाबारी कायम गर्नेसमेत निर्णय भएको प्रवक्ता गुरूङले जानकारी दिए । कानेपोखरी गाउँपालिका मोरङको केन्द्र वडा नं ६ बयरवनलाई परिवर्तन गरी वडा नं ५ भौसाबारी कायम गर्ने, खानेपानी तथा सरसफाइ नियमावली, २०८१ स्वीकृत गर्ने, निकासी पैठारीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने र राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । प्रवक्ता गुरूङले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ स्वीकृत गर्ने ऊर्जा विकास मार्गचित्र, २०८१ स्वीकृत गर्ने र वाणिज्य नीति, २०८१ स्वीकृत गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी दिए । रासस

# ऊर्जा विकास मार्गचित्र मन्त्रिपरिषद्बाट स्वीकृत

**मधेशदृष्टि**
**काठमाडौँ ।**
'ऊर्जा विकास मार्गचित्र–२०८१' मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने बाटो खुला भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा पुस १६ गते मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको कार्ययोजना स्वीकृत गरेको हो । उक्त प्रस्ताव पास भएसँगै अब ठूला र नयाँ आयोजनामा लगानीका लागि सबै प्रकारका मोडलसमेत खुला भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्नका लागि बाटो खुला हुनेगरी विद्युत् आयोजनाका लागि सबै मोडल खुला गर्ने विषय कार्ययोजनामा राखिएको जानकारी दिए ।

'लगानीकर्तालाई सहज बनाउने र स्वदेशीसहित विदेशी लगानीकर्तालाई लगानी गर्ने बाटो खुला गर्नेगरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेका थियौँ, उक्त प्रस्ताव पारित भएसँगै सरकारले जलविद्युत् क्षेत्रमार्फत राखेको 'समृद्ध नेपाल' को लक्ष्य पूरा हुनेछ', ऊर्जामन्त्री खड्काले भने । उक्त मार्गचित्रले सरकारले बनाउने आयोजनालगायत आन्तरिक तथा बाह्य लगानी र सबै प्रारूपका जलविद्युत्हरूलाई अघि बढाउन मार्गप्रशस्त गरेको छ । मन्त्री खड्काले जुन मोडलमा जुन आयोजनामा लगानीकर्ता आउन चाहन्छन् राज्यलाई अधिकतम फाइदा हुनेगरी प्रक्रिया बढाउन अब बाटो खुला भएको बताए ।

सकेसम्म जनताको सहभागिता हुने र राज्यलाई अधिकतम फाइदा हुनेगरी एकैपटक आयोजना अगाडि बढाउन लागेको ऊर्जामन्त्री खड्काको भनाइ छ । सन् २०३५ सम्म मुलुकको ऊर्जा क्षेत्रको समग्र विकासका लागि ४६ दशमलव ५ अर्ब अमेरिकी डलर (६२ खर्ब ३१ अर्ब नेपाली रूपैयाँ) बराबरको लगानी गर्ने लक्ष्य राखिएको छ । लामो समयको छलफल र बहसपछि मन्त्रिपरिषद्बाट मार्गचित्र स्वीकृत कार्यविधि पास भएसँगै रोकिएर बसेका आयोजना धमाधम अगाडि बढाउन बाटो खुलेको छ । मार्गचित्रमा जलविद्युत् आयोजना, प्रसारण वितरण तथा सबस्टेशनका लागि आवश्यकपर्ने लगानीको विस्तृत विवरणसमेत समेटिएको छ । आगामी १० वर्षमा छिमेकी मुलुक भारतमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौतासमेत भएको र सोबाहेक बङ्गलादेशलगायत अन्य छिमेकी देशहरूमा सन् २०३५ सम्म पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने योजना मार्गचित्रमा उल्लेख भएको मन्त्रालयले जनाएको छ ।

सन् २०३५ सम्ममा मुलुकको कूल जडित विद्युत् क्षमता नै २८ हजार पाँच सय मेगावाट पु¥याउने लक्ष्य राखिएकामा हालसम्म करिब तीन हजार चार सय हाराहारीमा मात्र विद्युत् उत्पादन भएको छ । मन्त्री खड्काले आगामी दिनमा जलाशययुक्त आयोजनालाई प्राथमिकता साथ अगाडि बढाउने र निजी क्षेत्रलाई पनि सोहीअनुसार लगानी गर्न प्रोत्साहन गराउने गरी सरकारले नीति लिएको बताए । ऊर्जा क्षेत्रमा हुने लगानीमा सरकारी, निजी क्षेत्र एवम् आम सर्वसाधारणकोसमेत हिस्सा रहनेछ । यस्तै, निजी क्षेत्र, सर्वसाधारण र वैदेशिक लगानीका अतिरिक्त गैरआवासीय नेपाली र वैदेशिक रोजगारीमा रहेका नेपालीको पुँजीलाई पनि उत्तिकै महत्त्व दिएर समावेश गरिनेगरी तय गरिएको छ । रासस

# स्वास्थ्य मन्त्री पौडेलद्वारा विमानस्थलमा आकस्मिक बैठक

**मधेशदृष्टि**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपालमा एमपक्स जोखिमसँग जुध्न अपनाइएको सजगताबारे सम्बन्धित अधिकारीसँग छलफल गरेका छन् । उनले बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेर स्थलगत निरीक्षण गर्दै सम्बद्ध अधिकारीहरूको बैठक डाकेर जोखिम फैलन नदिन प्रभावकारी सेवा दिनका लागि आग्रह गरेका हुन् । अहिले मन्त्रालयले एमपक्स फैलन नदिन विमानस्थल हुँदै स्वदेश आउने यात्रुका लागि हेल्थ डेस्कमार्फत निगरानी र सचेतनामूलक जानकारी दिँदै आइरहेको छ । मन्त्री पौडेलले विमानस्थलमा एयरलायन्स, नागरिक उड्डयन अधिकारी, अध्यागमनका कर्मचारी तथा



सुरक्षाकर्मीसहित अधिकारीलाई नागरिकमाझ थप जोखिम फैलन नदिन मन्त्रालय प्रतिबद्ध रहेको बताए । 'तपाईंहरूलाई कुनै पनि काम कुरामा आवश्यक सहयोग उपलब्ध गराउन हामी तयार छौँ', उनले भने, 'केही समस्या परे भन्नुहोला ।' हाल साउदी अरेबियाबाट आएका दुई नेपाली नागरिकमा सङ्क्रमण देखिएकामा एक उपचारपछि घर फर्किसकेका छन् । अर्का एकको सुरक्षित अवस्थामा सरुवा रोग नियन्त्रण अस्पतालमा उपचार भइरहेको छ । मन्त्री पौडेलले नमुना परीक्षणका लागि जनस्वास्थ्य प्रयोगशाला, उपचारका लागि सरुवा रोग नियन्त्रण अस्पताल र सचेतना फैलाउन इपिडिमियोलोजी रोग नियन्त्रण महाशाखाले मिलेर काम गरिरहेको जानकारी दिए । मन्त्रालयले विमानस्थलबाट बाहिरिएका शङ्कास्पद बिरामीको सम्पर्क ट्रेसिङका अलावा फर्कनेहरूलाई एमपक्सबारे सचेतना विमानस्थलमा रहेको हेल्थ डेस्कबाट फैलाइरहेको छ । बिरामीको टेकुस्थित सरुवा नियन्त्रण अस्पतालमा उपचार भइरहेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए । मन्त्री पौडेलले साउदी अरेबियाबाट सङ्क्रमित बिरामी आइरहेकाले नेपाली समुदायमाझ सचेतनाका लागि नेपाली दुतावासमार्फत काम गर्ने प्रतिबद्धतासमेत जनाए । विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रतिनिधि राजेश सम्भाजीराव पाण्डवले मन्त्रालयले एमपक्स नियन्त्रणका लागि अपनाएको सजगता प्रशंसनीय रहेको भन्दै आवश्यक सहयोगका लागि तयार रहेको बताए । रासस


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै बढी पर्यटक



**मधेशदृष्टि**
**गण्डकी ।**
पदयात्राका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना विदेशी पर्यटक भित्रिएका छन् । ती मध्ये दक्षिण एसियाली मुलुकका एक लाख ३२ हजार ९४ र अन्य मुलुकका एक लाख ११ हजार नौ सय ५१ रहेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार उक्त संख्या हालसम्मकै बढी हो । यसअघि सबैभन्दा बढी सन् २०२३ मा एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए । सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक भित्रिएकामा त्यसयता कोभिड–१९ महामारीका कारण पर्यटक आगमन घटेको थियो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । त्यसको अर्को वर्ष अर्थात् सन् २०२२ मा जम्मा एक लाख २९ हजार सात सय ३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए । गत वर्षदेखि यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको 'एक्याप'का प्रमुख डा रबिन कडरियाले बताए ।

'अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा पर्यटक आगमनमा नयाँ रेकर्ड कायम भएको छ', उनले भने, 'गत वर्षको तुलनामा उल्लेख्य संख्यामा पर्यटक बढेका छन् ।' अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ । चार वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नै पर्ने दस गन्तव्य सूचीमा राखेको थियो । अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले अन्नपूर्ण क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिन्छ । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ । रासस

# पनौतीद्वारा बाढीप्रभावित क्षेत्रमा सम्पत्ति कर छुट

**मधेशदृष्टि**
**काभ्रेपलाञ्चोक ।**
पनौती नगरपाकिले बाढीपहिरो प्रभावित क्षेत्रमा नागरिकको सम्पत्ति करमा शतप्रतिशत छुट दिने निर्णय गरेको छ । नगरको १६औँ नगरसभाले उक्त निर्णय गर्दै केही क्षेत्र तोकेर सम्पत्ति करमा सय प्रतिशत नै छुट दिने निर्णय गरेको हो । सभामा प्रस्तावित आर्थिक ऐन, २०८१ संशोधनसम्बनधी विषयबारे छलफलद्वारा चालु आर्थिक वर्ष २०८१÷८२ का लागि केही क्षेत्र तोकेर सम्पत्ति करमा सय प्रतिशत नै छुट दिने निर्णय गरिएको नगर प्रमुख रामशरण भण्डारीले बताए । 'सम्बन्धित वडाबाट अनुगमन गरी बाढीपहिरोपीडित क्षेत्रको किटानी सिफारिस भएपछि मात्र राजस्व छुटको निर्णय कार्यान्वयन गरिनेछ', उनले भने । कर छुट निर्णय गरिएका बाढीप्रभावित क्षेत्रमा वडा नं १ को मानेदोभान र न्यूरेखोला, वडा नं २ को कुशादेवी, वडा नं ५ र ६ का सबै क्षेत्र, वडा नं ८ स्थित बगरक्षेत्र, १० नं वडाको सलान्दु र रोशी खोला किनार क्षेत्र, वडा नं ११ को ख्याकुथुम्की, डाडाँगाउँ र नेपाने क्षेत्र, १२ नं वडाको पूरै क्षेत्र छन् । चालु आवमा तिर्नुपर्ने अन्य कर राजस्व भुक्तान गरेका बाढीपहिरोपीडितलाई उक्त सुविधा दिइने भएको हो । यस्तै नगरसभामा साधारण निर्माणमुखी रोडा–ढुङ्गा उद्योगले प्रयोग गरेको जग्गामा चालु आवको सम्पत्ति करमा ५० प्रतिशत छुट दिने निर्णयसमेत गरिएको छ । चालु आवमा बाढीपहिरो प्रभावित क्षेत्रका स्थानीयले सम्पत्तिकर बुझाइसकेको हकमा प्रमाणका आधारमा आगामी आवको सम्पत्ति करमा मिलान गरिने जनाइएको छ । गत असोज दोस्रो साताको बाढीपहिरोले पनौती नगरमा एक विदेशी नागरिकसहित २० जनाको निधन भएको थियो भने एक जना अझै बेपत्ताको अवस्थामा रहेका छन् । नगरको विवरणअनुसार बाढीपहिरोले पाँच सय ८६ घर पूर्णरूपमा भएका थिए भने नौ सय ४४ वटा घर उच्च जोखिममा रहेका छन् । रासस

# स्याङ्जाबाट एक अर्ब १२ करोड सुन्तला बिक्री

**मधेशदृष्टि**
**वालिङ ।**
यस वर्ष स्याङ्जाबाट रु एक अर्ब १२ करोडभन्दाको सुन्तला बिक्री भएको छ । सुन्तला सुपरजोन क्षेत्रमा उत्पादन भएका सुन्तला बिक्रीबाट यस वर्ष स्याङ्जामा एक अर्ब १२ करोड ४७ लाख १५ हजार दुई सय रुपैयाँ भित्रिएको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ सुन्तला सुपरजोनका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष २० हजार ८४ दशमलव दुई मेट्रिक टन सुन्तला उत्पादन भएको हो । उत्पादिमध्ये ९० प्रतिशत बिक्री भएको उनले बताए । उत्पादित सुन्लता थोक मूल्यमा प्रतिकेजी ५६ रुपैयाँका दरले बिक्री भएको हो । चालु आर्थिक वर्षमा स्याङ्जामा सुन्तला बगैँचाको क्षेत्रफल दुई हजार दुई सय ८० हेक्टरमा विस्तार भएको छ । चालु आवमा प्रतिहेक्टरमा सुन्तलाको उत्पादकत्व १४.६६ टन भएको सूचना अधिकारी बुढाथोकीले जानकारी दिए । गत आवमा दुई हजार एक सय हेक्टरमा सुन्तला बगैँचा कायम थियो । गत वर्ष एक हजार नौ सय ८७ मेट्रिक टन सुन्तला उत्पादन भएको उनले जानकारी दिए । गत वर्षको तुलनामा यस वर्ष ५० हेक्टर उत्पादनशील क्षेत्रफल वृद्धि भएको हो । स्याङ्जाका सुपरजोन घोषणा हुनुपूर्व आठ सय ८७ हेक्टरमा फैलिएको सुन्तला बगैँचा सुपरजोन भएसँगै हालसम्म दुई हजार दुई सय ८० हेक्टरमा सुन्तला बगैँचा विस्तार भएको उनले बताए ।

विसं २०७३÷७४ मा स्याङ्जालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जोन कार्यान्वयन एकाइ घोषणा गरिएको थियो । आव २०७५÷७६ को सुरुवातसँगै स्याङ्जालाई सुपरजोन घोषणा गरिएको थियो । सुन्तलाका क्षेत्रमा सुपरजोन घोषणा भई कार्यान्वयनमा आएसँगै जिल्लामा सुन्तला उत्पादनतर्फ किसान थप आकर्षित भएर लागेका सुन्तला सुपरजोन सञ्चालक समिति स्याङ्जाका अध्यक्ष बोधराज अर्यालले बताए । स्याङ्जामा साउनदेखि फागुनसम्म विभिन्न प्रजातिका सुन्तला उत्पादन हुँदै आएका छन् । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका–१ थापाथोकमा रहेको त्रिपुत्र बागवानी कृषि फार्मले यस वर्षमात्र रु पाँच करोडका सुन्तलाको कारोबार गरेको छ । फार्मले भाटभटेनी सुपरमार्केटलगायत व्यावसायिक सङ्घसंस्थालाई भारी मात्रामा सुन्तला बिक्री गर्दै आएको छ । फार्मले यस वर्ष प्रतिकेजी न्यूनतम २५ देखि अधिकतम ८५ रुपैयाँसम्मका दरले सुन्तला बिक्री गरिरहेको छ । फार्मका सञ्चालक फणिनारायण अर्यालका अनुसार सुन्तलाको न्यूनतम मूल्य प्रतिकेजी २५ देखि अधिकतम ८५ रुपैयाँसम्म कायम भएको छ । तुलनात्मक रुपमा गत वर्षभन्दा यस वर्ष सुन्तलाको बिक्री मूल्य घटेको उनले बताए । उनी जिल्लाकै अगुवा सुन्तला किसान हुन् । उनी एक्लैले सुन्तला बेचेर गरेर वार्षिक ६० देखि ७० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । स्याङ्जामा सुन्तला व्यवसायलाई मुख्य आम्दानीको सोतका रूपमा विकास गर्ने पद्धतिको विकास हुँदै गएको छ । जिल्लाका विभिन्न भागमा निर्वाहमुखी र घरायसी प्रयोजनका लागि गरिँदै आएको सुन्तलाखेती विस्तार भएको छ । पुतलीबजार, वालिङ, भिरकोट, गल्याङ नगरपालिकासहित आँधीखोला, फेदिखोला, बिरुवा, हरिनास, अर्जुनचौपारी गाउँपालिका सुन्तलाका पकेट क्षेत्र हुन् । रासस

# बङ्गलादेशमा सन् २०२४ मा भीड हत्याको घटना बढ्योः अधिकार समूह

**एएफपी**
**ढाका ।**
पूर्व नेता शेख हसिनाको कठोर शासन पल्टाउने गत अगस्टको क्रान्तिपछि बङ्गलादेशमा भीड हत्या बढेको तीन मानव अधिकार समूहले बुधबार बताएका छन् । बङ्गलादेशको एक प्रमुख मानव अधिकार सङ्गठन आइन ओ सालिश केन्द्र (एएसके) ले सन् २०२४ मा कम्तीमा १२८ जनाको भीडद्वारा हत्या भएको रेकर्ड गरेको जनाएको छ । तीमध्ये ९६ वटा हत्या अगस्टदेखि भएका थिए । अर्थात् हसिनाले देश छाडेपछि करिब तीन–चौथाई हत्या भएका थिए । 'लिन्चिङ र भीडको कुटपिटले समाजमा बढ्दो असहिष्णुता र कट्टरपन्थलाई प्रतिबिम्बित गर्छ', एएसकेका वरिष्ठ सदस्य अबु अहमद फैजुल कबिरले भने । दुई अन्य मानव अधिकार सङ्गठनले समान संख्या रिपोर्ट गरे । यो अघिल्लो पाँच वर्षको औसतभन्दा लगभग तीन गुणा बढी थियो । मानवाधिकार संस्कृति फाउन्डेसनले सन् २०२४ मा १४६ जनाको भीडद्वारा हत्या भएको दस्तावेजीकरण गरेको जनाएको छ भने ह्युमन राइट्स सपोर्ट सोसाइटी (एचआरएसएस) ले १७३ मृत्यु रेकर्ड गरेको छ । भीड हत्याका कारणहरू नदिइए पनि हसिनाको पतनपछि बदला लिने आक्रमणहरू बढेका थिए । ती आक्रमणले हसिनाको पूर्व शासक आवामी लिग पार्टीका सदस्यहरूलाई लक्षित गरेका थिए । 'हामी नागरिकहरूलाई आफ्नै हातमा कानून नलिई प्रहरीको सहयोग लिन आग्रह गर्छौं', प्रहरी प्रवक्ता इनामुल हक सागरले भने ।

ब्युटी आराले आफ्ना पति अब्दुल्लाह अल मसुदलाई सेप्टेम्बर ७ मा कुटेर मारिएको बताइन् । मसुद हसिनाको आवामी लिगको विद्यार्थी विङका पूर्व नेता थिए । 'मैले भर्खरै बच्चा जन्माएकी थिएँ तर म मेरो पतिलाई भेट्न शवगृह दौडिएँ', आराले भनिन् । मसुद पहिलेको आक्रमणमा पनि पिटिएका थिए । उक्त पिटाइमा उनले एउटा खुट्टा गुमाएका थिए । 'हामीले प्रहरीमा उजुरी दिएका छौँ तर अहिलेसम्म कुनै प्रगति भएको छैन', आराले भनिन् ।

एएसकेले सन् २०२४ मा २१ वटा न्यायबाहिर हत्याहरू दर्ता गरेको पनि बताएको छ । यो हसिनाको नेतृत्वमा सुरक्षा बलले प्रयोग गरेको विशेष रणनीति थियो जतिबेला उहाँका सयौँ राजनीतिक विरोधीहरू बेपत्ता भएका थिए । हसिना अपदस्थ भएपछि १२ जनाको हत्या भयो । 'हामी मानव अधिकारको स्थिति सुधार भएको छ भन्न सक्दैनौँ', एचआरएसएसका सल्लाहकार र जबरजस्ती बेपत्ता पार्ने घटनाहरूको जाँच गर्न सरकारद्वारा नियुक्त आयोगका सदस्य नुर खान लिटनले भने । विद्यार्थी नेतृत्वको विद्रोहलाई दमन गर्ने असफल प्रयासमा सयौँ मानिसको हत्या गरी हसिनाको कमाण्डमा सुरक्षा बलले गरेको क्रूर दमनको पनि तीनवटै समूहले निन्दा गरेका छन् ।



मानव अधिकार कार्यकर्ता र सर्वोच्च अदालतकी अधिवक्ता सारा हुसेनले बङ्गलादेशलाई हसिनाको कार्यकालमा दमनबाट घाइते भएकाहरूका लागि 'न्याय सुनिश्चित गर्ने प्रक्रियाको मार्गदर्शन गर्न' एक आयोगको तत्काल आवश्यकता रहेको बताए । उनले अन्तरिम सरकारले मानव अधिकार समूहहरूले गरेका 'डरलाग्दा आरोपहरू' को पनि छानबिन गर्नुपर्ने बताए ।

# भारतको होटलमा एकै परिवारका पाँच सदस्य मृत फेला

**सिन्हा**
**नयाँ दिल्ली ।**
भारतको उत्तरी राज्य उत्तर प्रदेशमा बुधबार चार बालबालिका र आमासहित एकै परिवारका पाँच सदस्य एक होटलमा मृत फेला परेको स्थानीय प्रहरीले पुष्टि गरेको छ ।

घटना राज्यको राजधानी लखनउको हो । मृतक बालबालिका ९ तथा १६ वर्षका रहेका छन् । प्रहरीका अनुसार मृतक बालबालिकाका भाइलाई पक्राउ गरिएको छ । घरायसी विवादका कारण हत्या गर्न उनले मृतकको हातखुट्टा काटेको आरोप छ । परिवार लखनउबाट करिब ३५० किलोमिटर टाढा आगरा सहरबाट आएको तथा सोमबार होटलमा चेक इन गरेको थियो ।

**स्टिल प्लान्टमा आगलागी हुँदा चार जनाको मृत्यु**

भारतको पश्चिमी राज्य गुजरातमा मङ्गलबार अबेर राति एउटा स्टिल प्लान्टमा आगलागी हुँदा कम्तीमा चार कामदारको मृत्यु भएको छ भने एक जना घाइते भएको स्थानीय प्रहरीले बुधबार जानकारी दिएको छ ।

घटना राज्यको सूरत जिल्लाको हाजिरा औद्योगिक क्षेत्रमा रहेको आर्सेलर मित्तल निप्पोन स्टिल प्लान्टमा भएको हो ।

स्टील प्लान्टका प्रवक्ताले भने, 'घटना उपकरणको विफलताको कारण भएको हो ।' 'हामीले थाहा पाएका छौं कि प्लान्टको एक भागमा कोइला जलाउँदा अचानक आगो फैलियो । परिणामस्वरूप आगोले प्लान्टमा लिफ्टमा रहेका चार मजदुरको मृत्यु भयो', सुरतका पुलिस आयुक्त अनुपम सिंह गहलोतले बताए ।

# नेपाली महिला फुटबल टोलीले 'फोर नेशन्स कप' खेल्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली राष्ट्रिय महिला फुटबल टोलीले घरेलु मैदानमा चार वटा देश सहभागी 'फोर नेशन्स कप' खेल्ने भएको छ । 'फोर नेशन्स कप' आउँदो फेब्रुअरी १७ देखि २६ तारिखसम्म काठमाण्डौको त्रिपुरेश्वरमा रहेको दशरथ रङ्गशालामा हुने अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले जनाएको छ ।

प्रतियोगितामा नेपालसहित किर्गिस्तान, लेबनान र म्यानमार रहेका छन् । यो प्रतियोगिता फेब्रुअरीको फिफा अन्तर्राष्ट्रिय खेल 'विन्डो' मा हुन लागेको एन्फाले जनाएको छ ।

**राखेप उपाध्यक्षमा आचार्य नियुक्त**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को उपाध्यक्ष पदमा ध्रुव आचार्यलाई नियुक्त गरिएको छ । मंगलबार बसेको नेपाल सरकार मन्त्रिपरिषद् बैठकले रिक्त राखेप उपाध्यक्ष पदमा रूपन्देहीका आचार्यलाई नियुक्त गर्ने निर्णय गरेको हो । उनी मदन भण्डारी स्पोर्ट्स फाउन्डेसनका अध्यक्ष हुन् । उपाध्यक्ष शिव कोइरालाको पदावधि सकिएको झन्डै दुई महिनापछि सरकारले उपाध्यक्षमा पदपूर्ति गरेको हो ।
अघिल्लो मन्त्रिपरिषद् बैठकले राखेप बोर्ड सदस्यहरू नियुक्त गरेको थियो ।

# कृत्रिम बौद्धिकता (एआई) को प्रयोगद्वारा जीवनको खोज






**डा परशुराम दाहाल**
**काठमाडौँ ।**

नासाले १४ अक्टोबर २०२४ मा जुपिटर(वृहस्पति) ग्रहको चन्द्रमा युरोपाको अध्ययन गर्न प्रक्षेपण गरेको युरोपा क्लिपर मिसन विज्ञान र प्रविधिको क्षेत्रमा माइलस्टोन बनेको छ । युरोपा क्लिपर जुपिटरको चन्द्रमा युरोपाको विस्तृत अध्ययन गर्न डिजाइन गरिएको पहिलो मिसन हो । वैज्ञानिक प्रमाणहरूका अनुसार अहिले पनि जीवनका लागि आवश्यक तत्वहरू युरोपामा हुन सक्छन् । यो अन्तरिक्ष यान छ वर्षपछि, अप्रिल २०३० मा १.८ अर्ब माइल (२.९ अर्ब किलोमिटर) यात्रा गरेर जुपिटरमा पुग्नेछ । त्यहाँ पुगेपछि, यो जुपिटरको परिक्रमा गर्दै युरोपाको ४९ पटक नजिकबाट उडान गरेर अध्ययन गर्नेछ । यस मिसनमा कृत्रिम बैद्धिकता (एआई) र अन्य अत्याधुनिक प्रविधिहरूको प्रयोग गरेर जीवनको सम्भावना खोज्ने लक्ष्य राखिएको छ । एआई भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पु¥याउँछ । वैज्ञानिकहरूले यो मिसन केवल पृथ्वीबाहेक जीवनको खोजीको लागि मात्र नभई, भविष्यमा अन्य ग्रह र चन्द्रमाहरूमा अन्वेषण गर्ने योजनाहरूको मार्गप्रशस्त गर्ने विश्वास गरेका छन् । नासाको युरोपा क्लिपर मिसनको कुल अनुमानित लागत लगभग ५.२ अर्ब डलर रहेको छ । यसमा मिसनको विकासदेखि २०३० मा जुपिटरमा पुग्ने चार वर्षसम्म सञ्चालन गर्ने सम्पूर्ण खर्च समावेश छ । मिसन अत्यन्त जटिल भएकाले, डिजाइन र विकिरण जस्ता चुनौतीका कारण बजेट बढ्दै गएको हो । यो नासाका सबैभन्दा महँगो ग्रह विज्ञान परियोजनाहरू मध्ये एक मानिन्छ ।




युरोपा क्लिपर मिसनमा १,००० भन्दा बढी वैज्ञानिक र इन्जिनियरहरू संलग्न थिए, जसमा एआई र ग्रह अनुसन्धानका विशेषज्ञहरू पनि समावेश थिए । यो मिसनको तयारी २०१५ मा औपचारिक रूपमा सुरु गरिएको थियो र नौ वर्षको मेहनतपछि १४ अक्टोबर २०२४ मा सफलतापूर्वक प्रक्षेपण गरियो । यस अवधिमा वैज्ञानिक टोलीले जटिल उपकरणहरू निर्माण र परीक्षण गर्दै, जुपिटरतर्फको यात्रा योजना र मार्गको विस्तृत तयारी गरे । मिसनले एआई प्रविधि प्रयोग गरेर डेटा प्रशोधन र नेभिगेसनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ, जसले जुपिटरको खतरनाक विकिरणबाट सुरक्षित उडान सुनिश्चित गर्छ । युरोपा क्लिपर अन्तरिक्षयानले हाइड्राजिन–आधारित इन्धन प्रयोग गर्छ । हाइड्राजिन अन्तरिक्षयात्राका लागि विश्वसनीय इन्धन हो, विशेषगरी गहिरो अन्तरिक्षमा यानको मार्ग परिवर्तन र नियन्त्रणका लागि । यो मिसनका लागि लगभग छ हजार पाउन्ड (दुई हजार ७५० किलोग्राम) इन्धन यानका ट्याङ्कहरूमा भण्डारण गरिएको छ, जसमा हिलियम प्रेसरन्ट पनि छ, जसले इन्धन प्रवाहलाई व्यवस्थापन गर्नेछ । यस इन्धनको मद्दतले युरोपा क्लिपरले मङ्गल र पृथ्वीबाट गुरुत्वीय सहायता लिंदै, जुपिटरको कक्षसम्मको यात्रा पूरा गर्नेछ । हाइड्राजिन थ्रस्टरहरूले मार्ग सुधार र मिसनका दौरान वैज्ञानिक उपकरणहरूको सही दिशामा नियन्त्रण गर्न मद्दत गर्नेछन् ।

युरोपा क्लिपर मिसनको एउटा प्रमुख लक्ष्य युरोपामा जीवनको सम्भावना खोज्नु हो । युरोपा, जुपिटरको मुख्य चन्द्रमाहरू मध्ये एक, सतहमुनि लुकेको नुनिलो महासागरले ढाकिएको छ । वैज्ञानिकहरूले यो महासागरमा पृथ्वीभन्दा बढी पानी रहेको अनुमान गरेका छन् । वैज्ञानिकहरूले जुपिटरको यस चन्द्रमामा बरफमुनि रहेको महासागरमा जीवनका लागि आवश्यक तत्वहरू—पानी, रासायनिक यौगिकहरू र ऊर्जा स्रोत—मौजुद हुनसक्ने अनुमान गरेका छन् । यो मिसनको उद्देश्य युरोपाको वातावरण अध्ययन गरी हाम्रो ब्रह्माण्डमा हामी एक्लै छौं कि छैनौं भन्ने प्रश्नको जवाफ खोज्नु पनि हो । यदि जीवनको लागि अनुकूल अवस्था फेला परेमा, यसले पृथ्वीबाहेक अन्य ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना पुष्टि गर्न मार्ग प्रशस्त गर्नेछ । यो मिसनले मानव सभ्यताले ब्रह्माण्डमा आफ्नो स्थान र जीवनको अर्थबारेको बुझाइमा परिवर्तन ल्याउने आशा गरिएको छ ।

यस मिसनको मुख्य उपकरणहरूमा आइस–पेनेट्रेटिङ राडार, थर्मल इमेजिङ प्रणाली, र अल्ट्राभायोलेट स्पेक्ट्रोस्कोप समावेश छन् । यानले युरोपाको सतहमुनि लुकेको पानी र पानीका फोहोराहरूको खोजी गर्दै जीवनको संकेत अध्ययन गर्नेछ । एआई प्रणालीहरूले सतहका तस्वीरहरू र अन्य वैज्ञानिक डेटा विश्लेषण गरी महत्त्वपूर्ण सूचनाहरू छान्ने र स्वचालित रूपमा मिसनको मार्गदर्शन गर्नेछ ।

सौर्य ऊर्जा प्रयोग गर्ने यो यानमा १०० फिट लामो सोलार प्यानल जडान गरिएको छ, जसले जुपिटरको कमजोर घामबाट पनि पर्याप्त ऊर्जा सङ्कलन गर्न मद्दत गर्नेछ । रेडिएसन–प्रतिरोधी प्रविधिको प्रयोग गरेर, यानका उपकरणहरूलाई जुपिटरको विकिरणबाट सुरक्षित राखिनेछ ।




एआई प्रणालीहरूले मिसनमा सङ्कलन गरिएको डेटा पृथ्वीमा पठाउनु अघि प्राथमिकता निर्धारण र संकुचन गर्नेछन्, जसले अनावश्यक जानकारी हटाएर वैज्ञानिकहरूले तुरुन्तै उपयोग गर्न मिल्ने महत्त्वपूर्ण तथ्यहरू फेला पार्न सकून् । यस प्रकारको कुशलता मानव अनुगमनबिना पनि अन्तरिक्षमा अनुसन्धान गर्न सक्षम हुनेछ । यो मिसनले भविष्यमा पृथ्वीबाहेकका ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना खोज्न थप प्रेरणा दिनेछ । यदि युरोपामा जीवन पत्ता लाग्यो भने यो केवल विज्ञानको विजय नभई सम्पूर्ण मानव जातिका लागि ऐतिहासिक उपलब्धि हुनेछ । एआई र अन्तरिक्ष प्रविधिको यस्तो प्रयोगले अन्तरिक्ष अन्वेषणको क्षेत्रलाई नयाँ उचाइमा पु¥याउनेछ । नेपालजस्तो देशका लागि, यस्तो एआई प्रविधि केवल प्रेरणाको स्रोत मात्र नभई देशको प्राविधिक विकासका लागि दिशानिर्देशक पनि हो । यो प्रविधि दुर्गम क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवा पु¥याउन, ग्रामीण क्षेत्रमा कृषिको उत्पादनशक्ति बढाउन र विपद् व्यवस्थापनका लागि भविष्यवाणी प्रणाली निर्माण गर्न प्रयोग गर्न सकिन्छ । एआई प्रविधि प्रयोग गरेर नेपालले आफ्नो वैज्ञानिक अनुसन्धानमा मात्र नभई, जीवनस्तर सुधार्नका लागि पनि महत्वपूर्ण योगदान गर्न सक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पु¥याउनेछ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ ।

युरोपामा जीवनको सम्भावना खोज्ने नासाको प्रयासले भविष्यमा पृथ्वीबाहेक अन्य ग्रहहरूमा मानव जीवनको सम्भावनालाई उजागर गर्न सक्छ । नेपालजस्ता देशहरूले पनि यस्ता प्रविधिबाट प्रेरित भई आफ्नो अनुसन्धान र विकासलाई सशक्त बनाउन सक्छन् । एआईले मानव सभ्यताको सम्भावनालाई मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा जीवनको परिकल्पनालाई नयाँ उचाइमा पु¥याउनेछ । यसले नेपाललाई विश्वस्तरको अनुसन्धान र अन्तरिक्ष प्रविधिमा सहभागी गराउन मद्दत पु¥याउनेछ । युरोपा क्लिपर मिसन नासाको मात्र नभई सम्पूर्ण मानवताको अन्तरिक्ष यात्रामा एक महत्वपूर्ण कोसेढुङ्गा बन्नेछ । यो मिसनले विज्ञान र प्रविधिमा नयाँ क्रान्ति ल्याउँदै भविष्यका अन्तरिक्ष अन्वेषणहरूलाई प्रेरित गर्नेछ, जसले हामीलाई 'हामी एक्ला छौं कि छैनौं ?' भन्ने प्रश्नको उत्तर खोज्न थप नजिक पु¥याउनेछ । (लेखक अमेरिकामा एआई विज्ञका रूपमा कार्यरत हुन् ) रासस

# ‘कृषि उपकरण किसानलाई अनुदानमा दिइने’

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले वीरगंज कृषि औजार कारखानाबाट उत्पादन भइरहेका कृषि उपकरण र औजारहरु प्रदेश सरकारले खरिद गरेर अनुदानमा किसानलाई उपलब्ध गराउने बताएका छन् ।

बुधबार कारखानाको स्थलगत अवलोकन गरेपछि राष्ट्रिय आविष्कार केन्द्रका प्राविधिकहरुसँग कुरा गर्दै मन्त्री क्षेत्रीले उक्त कुरा बताएका हुन् । झण्डै दुई दशकदेखि बन्द कृषि औजार कारखाना पुन सञ्चालनको जिम्मा लिएर राष्ट्रिय आविष्कार केन्द्रले मर्मतसम्भार गरी अहिले परिक्षणका रुपमा डेढ दर्जन भन्दा बढी प्रकारका कृषि उपकरण र औजारहरु उत्पादन गरिरहेको छ । बुधबार कारखानाको अवलोकन पश्चात मन्त्री क्षेत्रीले कारखानामा अहिले परिक्षणका रुपमा उत्पादन भइरहेका कृषि उपकरण र औजारहरु किसानका बिचमा लगेर प्रदर्शन गर्न केन्द्रका प्राविधिकहरुलाई सुझाव दिए ।

प्रदर्शनका क्रममा किसानले ती उपकरण र औजारबारे राम्रो प्रतिक्रिया दिएमा प्रदेशको कृषि मन्त्रालयले खरिद गरेर किसानलाई अनुदान र सहुलियतमा उपलब्ध गराउनेपनि मन्त्री क्षेत्रीले बताए । साथै कृषि मन्त्री क्षेत्रीले कारखाना पुन सञ्चालनका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा विनियोजन गरेको ५० लाख रुपैयाँ कृषि मन्त्रालयले छिट्टै कार्यविधी बनाएर केन्द्रलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । मन्त्री क्षेत्रीले कृषि औजार कारखाना पुन सञ्चालनका लागि केन्द्रलाई चाहिने सहयोग र साथ दिन मन्त्रालय सदैव तयार रहेकोपनि बताए । सो अवसरमा केन्द्रका ईन्जिनियर रितेश देवले कारखानामा अहिले परिक्षण र अनुसन्धानका क्रममा उत्पादन भइरहेका कृषि उपकरण र औजारहरु बारे मन्त्री क्षेत्रीलाई जानकारी गराएका थिए ।

# पिकअप भ्यान सहित चालक पक्राउ

**सञ्जय मिश्रा**
**रौतहट ।**
लाखौं मूल्य बराबरको अबैध किराना सामान लोड रहेको नेपाली नम्बरको पिकअप भ्यान सहित चालकलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । सीमावर्ती बजार बैरगनियाबाट २ लाख ७१ हजार ९०० मूल्य बराबरको भन्सार छलेर ल्याएको चिनी, मैदा, धनिया, रिफाईन तेल, सेवई, सुपारी बोकेको प्रदेश २ –००१ च ४००० नम्बरको पिक अप भ्यान प्रहरीले बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटबाट गएको गस्ती टोलीले बुधवार गौर स्थित बसपार्क नजिकै चेकजाँचको क्रममा अबैध सामान सहितको उक्त पिक अप गाडी नियन्त्रणमा लिएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले बताएका छन् । बरामद गाडी र सामानको कुल ९ लाख ७१ हजार ९०० रुपैयाँ मूल्याङ्कन गरी चालक गौर नगरपालिका ८ का दिनेश राउत बरै समेत आवश्यक कारवाहीको लागि बुधवार जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको जिल्ला प्रहरी कार्यालयको सूचनामा उल्लेख गरिएको छ । रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा जिल्ला स्थित तस्करी नियन्त्रण गर्न प्रहरीले पूर्ण सक्रियता देखाएको छ ।

# प्रेस सेन्टर सर्लाहीको अध्यक्षमा थापा




**मधेशदृष्टि**
**सर्लाही ।**
प्रेस सेन्टर नेपाल सर्लाहीको अध्यक्षमा सिंह बहादुर थापा चयन भएका छन् ।

प्रेस सेन्टर नेपाल सर्लाहीको बुधवार सम्पन्न अधिवेशनले अध्यक्षमा सिंगबहादुर थापा(श्रवण) लाई सर्वसहमतिमा चयन गरेको हो ।

त्यस्तै उपाध्यक्षमा क्षितिज विश्वकर्मा(विनोद), महिला उपाध्यक्षमा सर्मिला रमौली, सचिवमा राधेश्याम कुशवाह, कोषाध्यक्षमा राजेन्द्र विश्वकर्मा, सहसचिवमा जितेन्द्र सिंह कुशवाह र सुवास कुमार मण्डल चयन भएका छन् ।

सेन्टरका सदस्यहरुमा सरोज राय यादव, चन्द्र बहादुर जिम्बा, जितेश यादव र रामनारायण साह चयन भएको उपाध्याय विश्वकर्माले बताए । अधिवेसनले प्रेस सेन्टर प्रदेश प्रतिनिधिमा सन्तोष यादव, प्रेमनाथ पौडेल तथा केन्द्रिय प्रतिनिधिमा सलिना मगर र राजेश थापा मगरलाई चयन गरेको छ ।

# एकै दिनमा ३२ जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटले एकैदिन ३२ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ भने लाखौं मुख्य बराबरको अबैध भारतीय सामान बरामद गरेको छ । फैसला कार्वान्यन अन्तर्गत जिल्ला अदालत रौतहटबाट दण्ड जरिबाना रोकिएर लामो समयदेखि फरार रहेका ३२ जना प्रतिवादीलाई मंगलवार एकैदिनमा प्रहरीले पक्राउ गरेको हो ।

सवारी ज्यान मुद्दाका ८ जना, चेक अनादर मुद्दामा ६ जना केही अभद्रव्यवहारका ६ जना, बोक्सीको आरोपमा दुव्र्यवहार गर्ने ४ जना, कुटपिटमा ३ जना, गाली बेईजतिमा ३ जना, लेनदेन बिगोमा १ जना र नापतौल कसुरका आरोपी १ जना गरी ३२ जना फरार प्रतिवादी पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन् । पक्राउ परेका सबै जनालाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत रौतहटमा मंगलबार उपस्थित गराईएको प्रवक्ता रायले जानकारी दिए । उनीहरूबाट जरिबाना स्वरूप करीब ६५ हजार रुपैयाँ र ६ महिना कैद असुल गरिनुपर्ने देखिएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय गौर तथा मातहतको युनिटका गस्ती टोलीले १ थान ई रिक्सा चालक सहित लाखौं मूल्य बराबरको बिभिन्न किसिमका अबैध भारतीय सामान बरामद गरेको छ । भारतीय बजारबाट ४ लाख १८ हजार १४० रुपैयाँ बराबरको अबैध रुपमा ल्याउँदै गरेको चीनी, मैदा, जुत्ता चपल, युरिया मल, सहित मधेश प्रदेश ३००१ ह नम्बरको ई रिक्सा र चालक बिधिचन सहनीलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ ।

# तस्करीको ८ लाख रुपैयाँ बढीको कपडा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट सशस्त्र प्रहरीले छापा मारेर तस्करीको ८ लाख रुपैयाँ बढीको कपडा बरामद गरेको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर ७ कुम्हाल टोलस्थित सुर्य नारायण चौधरीको घरमा सशस्त्र प्रहरीले बुधबार छापा मारेर ८ लाख २८ हजार रुपैयाँ मूल्यको कपडा बरामद गरेको हो ।

सुराकीका आधारमा सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंज भन्सार कार्यालयबाट खटिएको टोलीले राजश्व छलेर भारतबाट ल्याएर घरमा गोदाम बनाई राखिएको कपडा बरामद गरेको हो । बरामद कपडा आवश्यक अनुसन्धान तथा कारबाहीको लागि बुधबार नै वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी नायब उपरीक्षक लोकेन्द्र सुब्बाले जानकारी दिए ।

# नयाँ वर्षमा मठमन्दिरमा दर्शनार्थीको घुइँचो

**मधेशदृष्टि**
**वीरगंज ।**
अंग्रेजी नयाँ वर्ष २०२५ को अवसरमा वीरगंजका मठमन्दिरहरुमा दर्शनार्थी तथा भक्तजनहरुको घुइचो देखिएको छ ।

नयाँ वर्षको स्वागत गर्दै सन् २०२५ पारिवारिक सुखः शान्ति र समृद्धिले भरिपूर्ण रहोस भन्दै भक्तजन तथा दर्शनार्थीहरुले मन्दिरमा गएर पूजाआजा गरेका छन् ।

बुधबार बिहानैदेखि वीरगंजको गहवामाई मन्दिर, महाविरस्थानस्थित हनुमान मन्दिर, अलख्यामठको शिव मन्दिर, विन्दवासिनी मन्दिरहरुमा भक्तजनहरुको भिड लागेको थियो ।

प्रत्येक नयाँ वर्षले मानिसहरुमा नयाँ उत्साह, उमंग र नयाँ आशा लिएर आउने गर्दछ, गत वर्ष गर्न नसकिएका तथा अधुरा रहेका कार्यहरु नयाँ तवरबाट स रुवात र पूरा गर्ने अवसर लिएर आउने भएको हुँदा यसवर्ष सफल र फलदायी होस भन्दै मन्दिरहरुमा गएर भक्तजनहरुले देवीदेवतालाई कामना गर्ने गर्दछन् । यसैबीच नयाँ वर्षको अवसरमा व्यापारिक नगरी वीरगंजमा चहलपहल बढेको छ ।



**ठोरीमा भारतीय पर्यटकको भिड**

मधेश प्रदेशकै पहिलो पर्यटकियस्थल पर्साको ठोरीमा नयाँ वर्ष सन् २०२५ मनाउन आएका भारतीय पर्यटकलाई स्वागत गरिएको छ ।

अतिथी देवो भवः को मूल नारा सहित ठोरी गाउँपालिकाले नयाँ वर्ष मनाउन ठोरी आएका भारतीय पर्यटकहरुलाई ढाका टोपी लगाएर स्वागत गरेका छन् । बुधबार सबैभन्दा अगाडि ठोरी घुम्न आएका १०० जना भारतीय पर्यटकलाई ढाका टोपी र टिका लगाएर स्वागत गरिएको ठोरी गाउँपालिका वडा नम्बर २ का अध्यक्ष अमृतकृष्ण सापकोटाले जानकारी दिनुभयो ।

पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरुको नजिकको पर्यटकिय स्थलमा पहिलो रोजाई पर्साको ठोरी नै रहेको छ । खासगरी भारतीय पर्यटकहरु शनिबार तथा नयाँ वर्ष मनाउन ठोरी आउने गर्दछन् । नयाँ वर्षको मनाउन आएका भारीयत पर्यटकहरुको स्वागतका लागी ठोरीको मुख्यद्वारमा स्वागत गर्न एक टोली नै खटाइएको छ । भारतीय पर्यटकहरुलाई आकर्षण गराउन पनि राष्ट्रिय टोपी दिवसको अवसरमा ढाका टोपी लगाएर स्वागत गरिएको वडा अध्यक्ष सापकोटाले बताए ।

यसरी पर्यटकहरुलाई नाकामै नेपालीहरुको ढाका टोपी लगाएर स्वागत गरिदिँदा पर्यटकहरु पनि निकै हर्षित र उत्साहित देखिएका थिए । नेपालमा आउने विदेशीहरु पर्यटकहरुलाई नेपालीहरुको सेवासत्कारले असाध्यै आनन्दीत तुल्याउने हुँदा यता ठोरीमा गरिएको स्वागतले पर्यटकहरु खुसी भएको ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले बताए ।

# राष्ट्रिय धोती दिवस मनाइयो




**मधेशदृष्टि**
**वीरगंज ।**
नयाँ अंगेजी वर्षको दिन बुधबार वीरगंजमा पनि राष्ट्रिय धोती दिवस मनाइएको छ । डा. सिके राउत नेतृत्वको जनमत पार्टीका नेताकार्यकर्ताले वीरगंजमा राष्ट्रिय धोती दिवस मनाएका हुन् । धोती, कुर्ता र गम्छाको पहिरन लगाएर बिहान घण्टाघर चोकमा भेला भएका जनमत पार्टीका कार्यकर्ताले त्यहाँबाट ¬याली निकालेर वीरगंज शहरको नगर परीक्रमा गरेका थिए ।

घण्टाघर चोकबाट शुरु भएको ¬याली माईस्थान, आदर्शनगर, घडिअर्वा हुँदै पुन घण्टाघर चोकमै पुगेर समापन भएको थियो । ¥यालीष्छि घण्टाघर चोकमा आयोजित कोणसभामा बोल्दै जनमत पार्टीका पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफले धोती मधेशीको पहिचानमात्र नभई सांस्कृतिक धरोहर पनि भएकाले यसलाई राष्ट्रिय पोशाकको रुपमा मान्यता दिलाउन राष्ट्रिय धोती मनाउने गरिएको बताए । नेपाल बहुभाषिक र बहुसांस्कृति देश एउटा समुदाय विशेषको पहिरन र पोशाकलाई मात्र राष्ट्रिय पोशाकका रुपमा बढावा दिइएकाले त्यसलाई तोड्न आँफुहरुले हरेक वर्षको जनवरी १ तारिकमा राष्ट्रिय धोती दिवस मनाउँदै आएको उनले बताए ।

यसैबीच नयाँ वर्ष सन् २०२५ को पहिलो दिन राष्ट्रिय पोशाक तथा टोपी दिवस पनि मनाइएको छ । नेपाली टोपी र पोशाकको प्रवद्र्धन गर्नका लागि भन्दै केही वर्षदेखि स्वतःस्फूर्त रुपमा इस्वी संवतको नयाँ वर्षको पहिलो दिन पारेर यो दिवस मनाउन थालिएको हो ।

नेपाली टोपीको साइनो बङ्गलादेशको ढाका, कस्मिर, टर्की, कैलाश पर्वत र पाल्पासँग जोडिन्छ । विशेषतः भाद्गाउँले टोपी र ढाका टोपीलाई नेपाली टोपीका रुपमा लिने गरिन्छ । तर विभिन्न समुदायले आ–आफ्नो पहिचान र परम्परा झल्किने खालका टोपी लगाउने गर्छन् ।

# विश्व हिन्दू महासंघकी अध्यक्ष भण्डारीलाई दिल्लीमा भव्य स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रियका अध्यक्ष अस्मिता भण्डारीलाई भारतको नयाँ दिल्लीमा स्वागत एवम् सम्मान गरिएको छ । विश्व हिन्दू महासंघ भारत च्याप्टरका अध्यक्ष एवम् अन्तर्राष्ट्रियका उपाध्यक्ष महन्त सुरेन्द्रनाथ अवधूत लगायतका सन्त महन्त एवम् भारत च्याप्टर भण्डारीलाई अन्तर्राष्ट्रिय अध्यक्ष भए पश्चात् बधाई एवम् सम्मान गरिएको हो । महासंघको ४४ बर्षे इतिहासमा उनी पहिलो महिला अध्यक्ष बनेकी हुन् । अध्यक्ष बनेपछि विश्व हिन्दू महासंघ भारतका अध्यक्ष एवम् अन्तर्राष्ट्रिय उपाध्यक्ष महन्त सुरेन्द्रनाथ अवधूतको निमन्त्रणामा उनी एक साता लामो भारत



भ्रमणमा गएकी हुन् ।

नेपालमा राजा सहितको हिन्दू राष्ट्रको पक्षमा विश्व हिन्दू महासंघले वकालत गर्दै आएको छ । दिल्लीमा सम्पन्न कार्यक्रममा अध्यक्ष भण्डारीले भनिन्, ‘नेपाल संसारको एक मात्रै हिन्दु अधिराज्य हो , जहाँ ८१% भन्दा धेरै हिन्दु धर्मावलम्बीको बसोबास रहेको छ । संसारमा धेरै कृश्चियन देश छन्, ईस्लामिक देश छन् भने नेपाल हिन्दू अधिराज्य किन हुन सक्दैन ? विश्व हिन्दू महासंघको अबको एक मात्रै उद्देश्य रहेको छ । त्यो भनेको नेपाललाई पुनः हिन्दू अधिराज्य बनाउने । यो धेरै चुनौती पूर्ण छ । त्यसका लागि भारतको मद्दत अनिवार्य छ ।’

अध्यक्ष भण्डारीले हिन्दू राष्ट्र र राजसंस्थाको बारेमा भारतीय हिन्दू नेताहरुसँग छलफल गर्ने बुझिएको छ । योगी आदित्यनाथ र पूर्व राजा ज्ञानेन्द्रबीचको सूत्रधारका रुपमा काम गर्दै आएकी भण्डारीलाई अध्यक्ष बनाउन दक्षिणको भूमिका प्रमुख रहेको महामण्डलेश्वर आत्मानन्द गिरीले सार्वजनिक कार्यक्रममा भनेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन